मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily




वर्ष १ | अंक ९४ | २०७९ साल माघ २८ गते शनिबार | Saturday 11, Feb. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-


संघीय संसद्को संयुक्त बैठकमा सम्बोधनका क्रममा अभिवादन आदान प्रदान गर्नुहुँदै राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ।
*तस्बिरः प्रदीपराज वन्त, रासस*

# बाराका किसानलाई उखुँ बेच्न नियन्त्रण

## प्रशासनको उर्दी विरुद्ध आन्दोलनको चेतावनी

*बाराका चिनी उद्योगभन्दा रौतहटको चिनी उद्योगमा उखुँ बिक्री गर्दा प्रतिक्विन्टल ८० रुपैयाँ बढी फाइदा हुने किसानको भनाइ छ। जुन उद्योगको खरीददर बढी हुन्छ, सोही उद्योगलाई आफूहरूले उखुँ बेच्न पाउनुपर्ने किसानको माग*



मधेशदृष्टि
वीरगंज, २७ माघ।
बारा जिल्ला प्रशासनले उखुँ किसानलाई बारा बाहेकका जिल्लामा लगेर उखुँ बेच्न नपाउँने उर्दी जारी गरेपछि किसान आक्रोसित भएका छन् । रौतहटका चिनी उद्योगमा उखु विक्री गर्न नपाउने गरी बारा प्रशासनले रोक लगाएको छ।
जिल्ला प्रशासन कार्यालय बाराले सूचना जारी गर्दै बारामा नै सञ्चालनमा रहेका उद्योगमा मात्र उखु विक्री गर्न किसानलाई आग्रह गरेको हो।
वर्षौंदेखि रौतहटको चिनी उद्योगमा उखु बेच्दै आएका किसानले आफू अनुकूल बेच्न पाउनुपर्ने माग गर्दै बारा प्रशासनमा ज्ञापनपत्र बुझाएका छन्।
माघ २३ गतेबाट लागू हुने गरी रौतहटमा उखु विक्री गर्न नपाउने गरी प्रशासनले रोक लगाएपछि बाराका किसानले बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटालाई भेटेर रौतहटका चिनी मिलमा उखु बेच्न पाउनुपर्ने मागसहित ज्ञापनपत्र बुझाएका छन् । बाराका चिनी उद्योगभन्दा रौतहटको चिनी उद्योगमा उखु विक्री गर्दा प्रतिक्विन्टल ८० रुपैयाँ बढी फाइदा हुने किसानको भनाइ छ। जुन उद्योगको खरीददर बढी हुन्छ, सोही उद्योगलाई आफूहरूले उखुँ बेच्न पाउनुपर्ने किसानको माग छ।
किसानले उत्पादन गरेको उखुँ आफू अनुकूल मुलुकको जुनसुकै स्थानका चिनी मिलहरूमा बेच्न पाउनुपर्ने उखु उत्पादक संघका केन्द्रीय अध्यक्ष कपिलमुनि मैनालीले बताए।
बाराका उखु किसानले रौतहटको कटहरिया नगरपालिका- ९ मा रहेको बाबा वैजनाथ सुगर मिलमा उखुँ बेच्दै आएका छन्।
जिल्ला प्रशासन कार्यालयले बारामा चिनी उद्योग सञ्चालन भएको स्थानबाट २५ किलोमिटर क्षेत्रभित्रका उखुँ अन्यत्र बिक्री गर्न नपाउने भन्दै उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय काठमाडौंले परिपत्र गरेकाले मन्त्रालयको निर्णय कार्यान्वयन गर्न अन्य जिल्लामा उखुँ बिक्री गर्न बन्देज लगाइएको बाराका प्रमुख जिल्ला अधिकारी सापकोटाले बताए।
जुनसुकै स्थानमा पनि उखुँ बेच्न पाउने आफूहरूको अधिकार रहेको किसानले बताएका छन्। जिल्ला प्रशासन कार्यालयसमक्ष राखेका मागको बेवास्ता गरेमा प्रशासनविरुद्ध कडा आन्दोलन गर्न बाध्य हुने चेतावनी किसानले दिएका छन्।

# रक्तचन्दनमा तस्करको आँखा, जोगाउन पटकपटक हवाई फायरिङ्ग

*जहाँबाट आएको हो त्यतै पठाउनुपर्ने कानुनी व्यवस्था छ। भारतले यो रक्तचन्दन मेरो हो भन्दैन, अर्न्तराष्ट्रिय साइटिक कानूनको भयले। उसले यो मेरो हो नभन्ने र नेपालले पठाउन पनि नसक्ने अवस्थामा समाधान खोजिरहेको छ रक्तचन्दनले*

शारदा पोखरेल, सर्लाही
अन्तराष्ट्रिय बजारमा प्रतिबन्धित तथा बहुमुल्य मानिएको रक्तचन्दन सुरक्ष गर्न वन कार्यालय सर्लाहीले २४ सै घन्टा २ जना सुरक्षाकर्मी खटाएको छ। भारतबाट तस्करीहुँदै चिन लैजान आएको चार टन रक्तचन्दन डेढ दशकअघि प्रहरीले नियन्त्रण लिएको थियो।
सर्लाही वन कार्यालय परिसरमा राखिएको रक्तचन्दन नेपालले प्रयोग गर्न मिल्दैन, लिलाम गर्न पनि पाउँदैन। त्रिभुवन विश्वविद्यालय वन विज्ञान महाशाखा प्रमुख प्रा.डा. राजेश राई नेपाल साईटिस महासन्धीको सदस्य राष्ट्र भएकाले रक्तचन्दनलाई अन्तराष्ट्रिय कानुनले रोक्ने बताउँछन् । नियम अनुसार जहाँबाट आएको हो, त्यतै फर्काउनुपर्दछ । तर, भारतले फिर्ता लिन चासो देखाएको छैन । राई भन्छन् 'जहाँबाट आएको त्यहि पठाउनुपर्ने कानुनी व्यवस्था छ तर भारतले यो रक्तचन्दन मेरो हो भन्यो भने आफैले सबै व्यवस्था मिलाएर लग्नुपर्ने हुन्छ । साइटिस महासन्धीको भयले भारतले आफ्नो हो भनेर स्वीकार गरिरहेको छैन। उस्ले यो मेरो हो नभन्ने, नेपाल आफैले पठाउन सक्ने अवस्था छैन।'
राईका अनुसार रक्तचन्दन अन्तराष्ट्रिय बजारमा बहुमुल्य मानिए पनि जसरी गैडाको खागको व्यापार प्रतिवन्ध छ, रक्तचन्दन पनि त्यसरी नै प्रतिबन्ध छ।



भारतबाट चोरी तस्करी गरेर छिमेकी मुलुक चिन तर्फ लैजाने क्रममा सर्लाही स्थित मलगंवामा प्रहरीले नियन्त्रणमा लिएको ४ टन रक्तचन्दन अहिले पनि सर्लाही वन कार्यालय परिसरमा राखिएको छ।
वन अधिकृतको पुरानो आवास गृहमा राखिएको रक्तचन्दनलाई लिएर तस्कर र वन सुरक्षाकर्मीबीच पटक पटक झडप र हवाई फाईरिङको अवस्था समेत सिर्जना भएको डिभिजन वन कार्यलय सर्लाहीले जनाएको छ ।डिभिजन वन अधिकृत मञ्जुर अहमदले वन कार्यालय परिसरमा रक्तचन्दन राख्दा सुरक्षा चुनौती थपिएको थपिएको बताए। 'रक्तचन्दन लुट्न आउने तस्कर र वन सुरक्षाकर्मीबीच बेलाबेलामा झडपको अवस्था समेत सिर्जना भयो,कुन बेला के घटना घट्छ भन्ने त्रास छ' अहमदले भने 'नेपाल सरकारले पटकपटक पत्राचार गर्दा पनि विवादमा परिने र खर्चिलो हुने देखेर भारतले रक्तचन्दन आफ्नो भएको स्वीकार पनि नगर्ने र फिर्ता लैजान चासो पनि देखाएको छैन।'
'रक्तचन्दन ल्याएपछि यहाँ लुट्न पनि आए, १० राउन्ड जति गोली फायर पनि भयो,बल्ल बल्ल बचायौं' वन रक्षक धुव्र कटुवालले भने 'सम्वन्धित देशले रक्तचन्दन फिर्ता नलग्दा हामीलाई यहाँ धेरै समस्या भएको छ कुन दिन फेरि लुट्न आउछन् भन्ने त्रास भईरहन्छ।'
सर्लाही डिभिजन वन कार्यालयको बिगतमा वन अधिकृत बस्दै पुरानो आवास गृहमा सो रक्तचन्दान राखिएको छ । पछिल्लो समय नेपालले ल्याएको साईटिस सम्वन्धि ऐन र कानुनमा रक्तचन्दन सम्वन्धित देशले फिर्ता नलगे नष्ट्र गर्नसक्ने व्यवस्था समेत उल्लेख गरेको छ । तर लामो अर्न्तराष्ट्रिय कानूनी प्रक्रिया पालन गर्नुपर्ने भएकोले नष्ट गर्न उत्तिकै समस्या रहेको अधिकारीहरु बताउँछन्।
सर्लाही वन परिसरमा १९० थान, वन विभाग कार्यलय परिसरमा २ ट्रक काठमाडौं वन विभाग परिसरमा छ भने देशका विभिन्न ठाँउमा प्रहरीले नियन्त्रणमा लिएको रक्तचन्दन राखिएको छ।
रक्तचन्दन साईटिसमा सुचिकृत लोपोउन्मुख प्रजातीको विरुवा हो। नेपालको जंगलमा छिटफुट रुपमा भेटिएपनि रक्तचन्दनको मुख्य उत्पादन भारतको जंगल मानिन्छ । रक्तचन्दन भारतबाट नेपालको बाटो हुदै चिन तर्फ तस्करी हुने क्रममा देशका विभिन्न ठाँउबाट प्रहरीले नियन्त्रणमा लिएर सुरक्षा दिएर राखिएको वन अधिकृत अहमदले जनाएका छन्।
नेपाल सरकारले पछिल्लो पटक ल्याएको साईटिस सम्वन्धि कानुनमा रक्तचन्दनलाई नष्ट्र गर्नसक्ने व्यवस्था भएपनि त्यति सहज नभएको वन अधिकृत अहमदले बताउँछन्।

# गोली हानाहान घटनामा ठुलो परिमाणमा रकमको चलखेलको खुलासा



मधेशदृष्टि
रक्सौल, २७ माघ । रक्सौलको स्टेसन रोडमा भएको आपराधिक घटनामा ७० लाख भारतीय र १४ लाख नेपाली रुपैया बरामद भएको छ । मुज्जफरपुरका रेल एसपी डा कुमार आशिषले पत्रकार सम्मेलनमा सो कुराको खुलासा गरेका छन् । रक्सौलमा भएका गोली हानेर हत्या गरेको घटनाको ४ घण्टा नबित्दै रेलका डीएसपी पंकज कुमारको नेतृत्वमा एसआईटी गठन गरी घटनाको छानवीन गरिएको थियो । रेलका एसपी डा आशिषका अनुसार घाइते युवक धीरज ठूला पार्टीका लागि कुरियरको काम गर्थे ।त्यसपछि अनुसन्धानका क्रममा दुईजना शंकास्पद पक्राउ परेका छन्, जसमा नाकरदेई ओपी क्षेत्रका मो. इलियास र मो. साहेब समावेश छन्।
पक्राउ परेकाहरुबाट ७० लाख ८३ हजार ५ सय भारतीय रुपैयाँ र नेपाली रुपैयाँ १४ लाख ३६ हजार ७५० रुपैयाँ बरामद भएको उनले बताए। मुद्रा साट्न स्टेसन रोड जाने क्रममा उक्त घटना भएको हो । केही अपराधी नेपालमा लुकेर बसेको पनि उनले बताए। प्रहरीको रडारमा एक दर्जनभन्दा बढी छन्। केही थप खुलासाहरू चाँडै गर्न सकिन्छ। सो अवसरमा आरपीएफ इन्स्पेक्टर ऋतुराज कश्यप, इन्स्पेक्टर कमल किशोर सिंह, नीरज कुमार, जीआरपी स्टेशन अफिसर धर्मेन्द्र कुमार, सहायक अन्डर इन्स्पेक्टर सत्येन्द्र सिंह, जयचन्द कुमार, हरैया ओपी इन्चार्ज पंकज कुमार र सब इन्स्पेक्टर मनोज कुमार आदि उपस्थित थिए।

# पिपराको पशुपतिनाथमा शिवरात्रीको भव्य तयारी

*महाआरतीमा भारतको काशी विश्वनाथका मुख्य पुजारी, पशुपतिनाथ मन्दिरका भट्ट तथा जनकपुरधाम जानकी मन्दिरका महन्थको उपस्थिति रहने*

मधेशदृष्टि
वीरगंज, २७ माघ।
महाशिवरात्री पर्वको अवसरमा धार्मिक पर्यटनलाई प्रबर्द्धन गर्ने उद्देश्यले वीरगञ्जको वडा नम्वर १४ पिपरामा रहेको पशुपतिनाथ मन्दिरमा आउँदो फागुन १ गते महाआरती गरिने भएको छ।
महाआरतीका लागि मन्दिरको सौन्दर्यीकरण गर्ने काम तिव्ररुपमा भइरहेको छ । महाआरतीमा भारतको काशी विश्वनाथका मुख्य पुजारी, काठमाण्डौं स्थित



आरध्यदेव पशुपतिनाथ मन्दिरका भट्ट तथा जनकपुरधाम जानकी मन्दिरका महन्थको उपस्थिति रहने छ । तीनवटै धाममा पुजारीको संयुक्त उपस्थिति आरती लगायतका क्रार्यक्रम रहेको वीरगंज महानगरपालिकाले जनाएको छ।
वीरगंजमै पहिलो पटक तीनै धामका पुजारीलाई बोलाएर महाआरती आयोजना गर्न लागिएको हो । वीरगंज महानगरपालिका र विश्व हिन्दु परिषदको संयुक्त आयोजनामा महाआरती सफल बनाउन आवश्यक तयारी अघि बढाईएको छ।
मधेशमै एक मात्र रहेको पशुपतिनाथ मन्दिर सौन्दर्यीकरण गरेर यसको पहिचान स्थापित गर्न पनि नेपाल भारत दुबै देशका प्रख्यात धामका मुख्य पुजारी बोलाएर महाआरती गर्न लागिएको हो । काठमाण्डौंको पशुपति नाथ मन्दिरसम्म

*- बाँकी पृष्ठ ६ मा*



मेचीदेखि महाकालीसम्मको उल्टो पैदल यात्रामा निस्कनुभएका बाँके, कोहलपुर नगरपालिका-७ का ४८ वर्षीय रुपना थारु पुर्व-पश्चिम राजमार्ग अन्तर्गत सप्तरीको पोर्ताहामा शुक्रबार उल्टो पैदलयात्रा गर्दै। थारुले श्रीमती सम्झनाको सहयोगमा गत माघ २१ गते पूर्वी नाका कांकडभिट्टाबाट महाकालीसम्मको एक हजारभन्दा बढी किलोमिटर उल्टो पदयात्रामा सुरु गर्नुभएको छ।

*तस्बिर : अरुण कुमार यादव, रासस*

# गरिब जनताको पहुंचमा संचारसेवा सहजरुपले पुग्नुपर्ने : सञ्चारमन्त्री सिंह



मधेशदृष्टि
जनकपुरधाम,२७ माघ । मधेश प्रदेशका गृह तथा सञ्चारमन्त्री शत्रुधन प्रसाद सिंहले नेपाल दूर सञ्चार प्राधिकरणको सेवालाई गरिब जनताको घर दैलोमा सुलभ तरिकाले सेवा प्रवाह हुनु पर्ने आवश्यकतामा जोड दिएका छन । गृह तथा सञ्चारमन्त्री सिंहले नेपाल दूरसञ्चार प्राधिकरणको आयोजनामा मधेश प्रदेशमा दूरसञ्चार सेवाको वर्तमान अवस्था, दूरसञ्चार सेवाको गुणस्तर विषयमा सेवा प्रदायक र सरोकारवालासंगको अन्तरक्रिया कार्यक्रमको शुक्रवार जनकपुरधाममा आयोजना उद्धाटन गर्दै सो कुरा बताएका हुन । उनले अझै पनि धेरै गरिब जनताको पहुँचमा टेलिकम सहितका अन्य सञ्चार प्रदायकहरूको सेवा पुग्न नसकेको बताउँदै सबैको घर दैलोमा गुणस्तरीय सेवा पुऱ्याउन आवश्यक भएको बताए।

गृह तथा सञ्चारमन्त्री सिंहले सूचना प्रविधिलाई कृषि तथा पर्यटनसँग जोडेर मुलुक तथा प्रदेशलाई समृद्धिको बाटोमा लाने सम्भावना भएकाले यस तर्फ लाग्न आवश्यक भएको बताए।

उनले नेपाल टेलिकम तथा एन सेल जस्ता सेवा प्रदायकको सेवा अझै पनि मधेश प्रदेशका गाउँ घरमा प्रभावकारी किसिमले पुग्न नसकेको बताउँदै सेवालाई विस्तार गर्नका लागि मधेश प्रदेश सरकार सहयोग गर्नका लागि तयार भएको बताए।

गृह तथा सञ्चारमन्त्री सिंहले देशलाई समृद्धि र विकासको पथमा लानका लागि अनेकन सम्भावनाहरू भएको बताउँदै त्यसमा ठूलो सम्भावना भएको क्षेत्रको रुपमा सूचना र प्रविधि भएको बताए।

मधेश प्रदेशका प्रमुख सचिव कृष्ण बहादुर राउतले विश्वका कतिपय देशहरूले समृद्धिको माध्यम सूचना प्रविधिलाई बनाइरहेको बताउँदै नेपाल अहिले यसमा निक्कै पछाडि रहेको बताए।

उनले सूचना प्रविधिको अधिकतम प्रयोग सँगै साइवर अपराधका कुराहरू आउने भएकाले सूचना प्रविधिलाई पूर्ण सुरक्षित बनाउने गरि नेपाल दूरसञ्चार प्राधिकरणले कामकाज गर्न आवश्यक भएको बताए । अध्यक्षको असनबाट बोल्दै नेपाल दूरसञ्चार प्राधिकरणले सूचना प्रविधिको विकासका लागि टावरको निर्माण आवश्यक भएको बताउँदै टावरको विषयमा गलत सूचना प्रवाहित हुने गरेका कारणले विस्तार हुन नसकेको बताए। उनले सूचना प्रविधिलाई गुणस्तरीय तथा प्रविधि मैत्री बनाउनका लागि टावर र तार आवश्यक भएको बताउँदै सौन्दर्यीकरणको नाउँमा तारहरू जथाभाबी रुपमा काटिएको खण्डमा यसले सेवालाई गुणस्तरीय तथा प्रभावकारी एवं कम लागतमा प्रदान गर्नमा कठिनाइ हुने बताए।

कार्यक्रममा सञ्चारकर्मीहरू, स्थानीय निकायका प्रमुखहरू तथा नेपाल दूरसञ्चार प्राधिकरणका उच्च अधिकारीहरू, सेवा प्रदायक संस्थाहरूको सहभागिता रहेको छ।

# आगलागीबाट जोगिनका लागि प्रतिकार्य अन्तर्गत प्रहरीको पूर्वाभ्यास

मधेशदृष्टि
जनकपुरधाम,२७ माघ । गर्मी शुरु भएसँगै मधेश प्रदेशका जिल्लाहरूमा आगलागीको जोखिम बढेपछि सशस्त्र प्रहरी धनुषाले आगलागीबाट जोगिनका लागि प्रतिकार्य अन्तर्गत पूर्वाभ्यास गरेको छ।

सशस्त्र प्रहरी बल नेपाल नं ८ हेड क्वाटर धनुषाको आयोजनामा भएको कार्यक्रममा आगलागीबाट कसरी सुरक्षित रहन सकिन्छ भन्ने विषयमा प्रयोगात्मक अभ्यासका साथै आगलागी भएपछि कसरी मानवीय तथा भौतिक क्षति कम गर्ने तथा क्षति हुन नदिनेतर्फ गरिने उपायबारे पूर्वाभ्यास गरिएको हो।

खास गरी वर्षेनी रुपमा खाना पकाउने ग्याँसबाट भइरहेको आगलागी कसरी नियन्त्रण गर्न सकिन्छ र खाना पकाउने ग्याँसलाई कसरी सुरक्षित राख्न सकिन्छ भन्ने विषयमा सशस्त्र प्रहरीका प्रशिक्षित प्रहरीहरूले अभ्यास गरेका थिए।



कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साहले आगलागीका कारण वर्षेनी रुपमा धेरै धनजनको क्षति हुने गरेकाले नियन्त्रणका लागि पूर्वाभ्यास महत्वपूर्ण रहेको उल्लेख गरे।

धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले आगलागीबाट हुने भौतिक तथा मानवीय क्षतिबाट जोगाउन पूर्वाभ्यासले ठूलो योगदान दिने र उद्धारमा सशस्त्र प्रहरीको ठूलो योगदान रहने गरेको बताए।

# मन्त्री कुशवाहाद्धारा संघसँग मधेश प्रदेशका लागि आबश्यक मल माग



मधेशदृष्टि
जनकपुरधाम,२७ माघ । मधेश प्रदेशका भूमि व्यवस्था कृषि सहकारी मन्त्री बसन्त कुशवाहाले संघीय सरकारसँग तत्काल आवश्यक परिमाणमा मल आपूर्ति व्यवस्थापनका लागि अनुरोध गरेका छन।

मन्त्री कुशवाहाले संघीय कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई एक पत्र लेख्दै मधेश प्रदेशका ८ जिल्लालाई आवश्यक पर्ने मल आपूर्ति व्यवस्थापनका लागि आग्रह गरेका हुन।

मधेश प्रदेशको ८ जिल्लामा युरिया ५ लाख १५ हजार ७ सय ४६ मेट्रिक टन, डि.ए.पी. २ लाख ६७ हजार २ सय ६८ मेट्रिकटन र पोटास १ लाख ४६ हजार २ सय ६ मेट्रिकटन मल आवश्यक पर्ने भन्दै समयमा नै व्यवस्थापनको लागि अनुरोध गरिएको जनाइएको छ।

# वैकल्पिक राजनीतिक शक्तिहरु एक ठाउँमा उभिनुपर्ने डा. राउतको सुझाव



मधेशदृष्टि
जनकुरधाम, २७ माघ । जनमत पार्टीका अध्यक्ष डा.सिके राउतले सबै वैकल्पिक राजनीतिक शक्तिहरु एक ठाउँमा उभिनुपर्ने बताएका छन । शुक्रबार विवेकशील साझा पार्टीको पहिलो महाधिवेशनलाई सम्बोधन गर्दै राउतले यस्तो बताएका हुन् ।उनले वैकल्पिक शक्तिहरु एकठाउँमा बसेर क्रान्तिको बिजारोपण गर्नसके मात्रै दलीय सिन्डिकेट तोडेर अघि बढ्नसक्ने दाबी गरे । वैकल्पिक शक्तिको एजेण्डा बोकेर आउनेहरुलाई स्थापित दलहरुले नै सिध्याउने गरेको जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले आरोप लगाए । उनले वैकल्पिक शक्तिको एजेण्डा बोकेर आउने राजनीतिक दलहरुलाई स्थापित दलहरुले कुनै न कुनै मुद्दा लगाएर असफल बनाउने प्रयास गरिरहेको आरोप लगाए।

अध्यक्ष राउतले नयाँ शक्तिको एजेण्डा बोकेका वैकल्पिक राजनीतिक दलहरुले सदनलाई भन्दा पनि सडकलाई पहिलो प्राथमिकता दिनुपर्ने बताए।




## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१, | ५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
हिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ। रोकिएका काम पुनः सुरु हुन सक्छन्। आर्थिक कारोबारमा सफलता पाइएला। लाभदायक यात्रा होला।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज राजनैतिक र सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। कलासाहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ। परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
शरीरमा स्फूर्ति र उमङ्गको कमी आउनेछ। मालसामान हराउन सक्छ। ससाना समस्यामा अल्झनुपर्नेछ, तर साँझमा आर्थिक लाभ मिल्न सक्छ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ। रमणीय र सुखद् यात्राको योग छ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन्। एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। घरमा अतिथिको आगमन पनि हुन सक्छ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
ाज शुभारम्भको चर्चा चल्नेछ। सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ। नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ। भ्रमणको योग पनि छ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला। सहकर्मीबाट विरोध आउला। नियमित खर्चसमेत बढ्ने योग पनि छ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज नयाँ र शुभकार्यको चर्चा चल्नेछ। पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ। रमाइलो यात्राको सम्भावना पनि रहेको छ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज भाग्यले विभिन्न अवसर जुराउनेछ। घरमा अतिथिको आगमन हुनेछ। महत्त्वपूर्ण कामको थालनी हुनेछ, साँझमा भने चिन्ता बढ्नसक्छ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। रोकिएको धन हात पर्ला। न्यायिक कार्यमा सफलता मिल्नेछ। व्यापारमा मनग्ये धनलाभ हुनेछ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
आज समय मध्यम खालको छ। आफूले ठीक मानेर गरेको काममा आफैलाई सन्तुष्टि मिल्ने छैन। सोचेजतिका कामहरूमा विघ्नबाधा आउनसक्छ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
ठीक समयमा सही निर्णय लिन सकिनेछ। वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ। व्यापार व्यवसायमा सफलता मिल्नेछ। लाभदायक यात्रा पनि हुनेछ।

## संक्षेप समाचार

### लागुऔषध सहित एकजना नियन्त्रणमा

मधेशदृष्टि, वीरगंज, २७ माघ।
बारा प्रहरीले प्रतिबन्धित लागुऔषध गाँजासहित १ जनालाई नियन्त्रणमा लिएको छ। बाराको निजगढ नगरपालिका वडा नम्बर ११ पुर्व टोलस्थित जंगल जाने बाटोबाट प्रहरीले १ जनालाई २ किलोग्राम गाँजासहित नियन्त्रणमा लिएको हो।
अस्थायी प्रहरी पोष्ट रतनपुर बाराका प्रहरी सहायक निरीक्षक धनिकलाल ठाकुर नेतृत्वको गस्ति टोलीले चेकजाँच गर्ने क्रममा गाँजा फेला परेको हो। निजगढ नगरपालिका वडा नम्बर १२ बुङ्जोर बस्ने २३ वर्षीय बिजय गोलेले बोकेको कालो प्लाष्टिकको झोलाबाट २ किलोग्राम गाँजा बरामद भएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार गोलेलाई नियन्त्रणमा लिई थप आवश्यक कारवाहीका लागि ईलाका प्रहरी कार्यालय सिम्रौनगढ पठाइएको छ।

### माहामारी रोग नियन्त्रण सम्वन्धि अन्तरक्रिया सम्पन्न

मधेशदृष्टि, वीरगंज, २७ माघ।
पर्साको पोखरिया नगरपालिकामा सरोकरवालहरु बिच औलो तथा कालाजार महामारी रोग नियंत्रण सम्बन्धी १ दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। नगरपालिकाको स्वास्थ्य शाखाले आयोजना गरेको कार्यक्कममा औलो तथा कालाजार महामारी रोग र यसको रोकथामको बारेमा चर्चा गरिएको थियो। पोखरिया नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख कौशलेंद्र मिश्रको सभापतित्वमा भएको अन्तरक्रिया कार्यक्कममा नगर प्रमुख प्रद्युमन प्रसाद चौहान ,पोखरिया अस्पतालका मेडिकल सुपारिटेन्डेन्ट डा. संजय गुप्ता, प्रशासन शाखा प्रमुख विजय झा लगायतका व्यक्तिहरुको सहभागिता रहेको थियो। कार्यत्रमममा पोखरिया अस्पतालका डा. संजय गुप्ताले सरूवा रोग नियंत्रण सम्बन्धी प्रशिक्षण दिएका थिए।

### नि:शुल्क आंखा शिविर सम्पन्न

मधेशदृष्टि, वीरगंज, २७ माघ।
जितपुर सिमरा उपमहानगरपालिका वडा नमबर १० बेहरामा शुक्रवार एक कार्यक्रमका विच नि:शुल्क आँखा शिविर सम्पन्न भएको छ।
सामुदायिक आँखा अस्पताल हेटौडाको आयोजनामा सम्पन्न शिविरमा २ सय ३५ जनाको आँखा परिक्षण गरिएको थियो। जसमा ४७ जनामा मोतियाविन्द फेला परेको चन्द्रिका महतोले बताएकी छन। शिविरमा डा. कृष्ण कुशवाहा, डा.सविता क्षेत्री लगायतको टिमले आँखा परिक्षण गरेका थिए। शिविरमा मोतियाविन्द फेला परेका ४७ जनाको सामुदायिक आँखा अस्पताल हेटौडामा नि:शुल्क उपचार गरिने डा.कुशवाहाले बताए।

### मोटरसाईकल चोर पक्राउ

मधेशदृष्टि, वीरगंज, २७ माघ।
प्रहरीले मोटरसाइकल चोरेको आरोपमा रौतहटबाट एक जनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यलय रौतहटबाट खटिएको टोलीले मोटरसाइकल चोरेर लगिरहेको अवस्थामा कटहरिया नगरपालिका ५ बाट मनोज यादवलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।
प्रहरीका अनुसार मनोज बिज भण्डारको नाममा रहेको प्रदेश २ ००३.००५प ४३६१ नम्बरको मोटरसाइकल चोरी गरेर लगिरहेको अवस्थामा उनलाई नियन्त्रणमा लिएको छ। पक्राउ परेका उनीमाथि यसबारे अनुसनधान भइरहेको ईलाका प्रहरी कार्यालय कटहरियाले जनाएको छ।

### कला संस्कृतिको बारेमा प्रशिक्षण

मधेशदृष्टि, वीरगंज, २७ माघ।
नेपाल भोपजुरी समाजले वीरगञ्जको सुन्दरमल रामकुमार कन्या माबिमा भोजपुरी कला संस्कृतीको बारेमा शुक्रवार प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ।
समाजका अध्यक्ष ध्रुवसिंह ठकुरीको अध्यक्षतामा भएको कार्यक्रममा समाजका सल्लाहाकार मनोज कुमार मिश्र, बिद्यालयका प्रधनाध्यापक अनिता साह, समाजका उपाध्यक्ष रितुराज पटेल, सचिव राजेन्द्र सिंह राजपुत, कोषाध्यक्ष अशोक कुश्वाहा, लगायतको सहभागीता रहेको थियो।
समाजले प्रत्येक साताको शुक्रबार हरेका सामुदायिक बिद्यालयमा गई सचेतना अभियान संचालन गर्ने गरेको छ।

### मधेशमा दुध उत्पादनमा कमी

मधेशदृष्टि, जनकपुरधाम, २७ माघ।
मधेश प्रदेशमा दुघ उत्पादनमा कमी आएको छ। आर्थिक वर्ष २०७८/७९ मा मधेश प्रदेशमा पछिल्लो वर्षको तुलनामा ६.०३ प्रतिशतले दुघ उत्पादनमा ह्राउ आएको नेपाल राष्ट्र बैंकको तथ्यांक छ।
नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार मधेश प्रदेशमा गत आवमा ६० करोड ५ लाख ९५ हजार लिटर दुधको उत्पादन भएको छ। आर्थिक वर्ष २०७७/७८ मा भने ६३ करोड ९१ लख ६ हजार लिटर दुधको उत्पादन भएको थियो।
समिक्षा वर्षमा कुल दुध उत्पादनमध्ये सिरहामा सबैभन्दा बढी २१ प्रतिशत र रौतहटमा सबैभन्दा कम ३.४८ प्रतिशत दुधको उत्पादन भएको तथ्यांक छ।
सिरहामा १२ करोड ६१ लख ४१ हजार लिटर दुधको उत्पादन भएको छ भने पर्सामा १२ करोड १३ लाख ६२ हजार लिटर दुधको उत्पादन भएको तथ्यांक छ।
यस्तै, सर्लाहीमा ८ करोड ३३ लाख ६ हजार, महोत्तरीमा ८ करोड १७ लाख ८९ हजार, बारामा ७ करोड ७१ लख ९२ हजार, सप्तरीमा ४ करोड ९७ लाख ९० हजार लिटर, धनुषामा ४ करोड १ लाख ५ हजार लिटर दुधको उत्पादन भएको छ।
यस्तै, रौतहटमा २ करोड ९ लाख १० हजार लिटर दुध उत्पादन भएको तथ्यांक छ।

# मधेस प्रदेशमा फागुन १ गते सार्वजनिक बिदा

मधेशदृष्टि
जनकपुरधाम, २७ माघ।
मधेस प्रदेशमा आगामी फागुन १ गते सार्वजनिक बिदा दिइने भएको छ।
मधेस प्रदेश सरकारले जनयुद्ध दिवसको अवसरमा फागुन १ गते प्रदेशभरि सार्वजनिक बिदा दिने निर्णय राजपत्रमै प्रकाशित गरिसकेको हो। यसअधिका मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकारमा गृह तथा सञ्चार मन्त्री भएका भरत प्रसाद साहको प्रयासमा गत वर्ष नै फागुन १ गते जनयुद्ध दिवस मनाउन सार्वजनिक बिदा दिने निर्णय गरिएको थियो। गत वर्ष फागुन १ गते पनि मधेस सरकारले जनयुद्ध दिवस मनाउन सार्वजनिक बिदा दिएको थियो भने माओवादीको दशवर्षे जनयुद्धमा सहिद, बेपत्ता भएका परिवार र घाइतेलाई एक/एकलाख रुपैयाँ वितरण गरिएको थियो। त्यस्तै, बागमती प्रदेशले पनि जनयुद्ध दिवसको अवसरमा यसवर्षदेखि सार्वजनिक




बिदा दिने निर्णय गरेको छ।

**जनयुद्ध दिवसमा सबैला नगरपालिकामा सार्वजनिक बिदा**

धनुषाको सबैला नगरपालिकाले आगामी फागुन १ गते सार्वजनिक बिदा दिने निर्णय गरेको छ। वि.सं. २०५२ सालमा माओवादीको १० वर्षे जनयुद्ध सुरु भएको दिनको सम्झनामा सो नगरपालिकाले सार्वजनिक बिदा दिने निर्णय गरेको हो।
जनयुद्ध दिवसको अवसरमा राज्य पक्ष र विद्रोही पक्षबाट मारिएकाको परिवारका साथै घाइते तथा अपाङ्गलाई सम्मान गर्ने समेत तयारी भएको नगरप्रमुख कारीराम यादवले जानकारी दिए। आजको संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था ल्याउन माओवादी जनयुद्धकै योगदान रहेको उल्लेख गर्दै यादवले इतिहासको सम्मान गर्न सार्वजनिक बिदा दिइएको बताए। उनले सम्पूर्ण सहिद, घाइते, अपांग र बेपत्ताहरूको सबैला नगरपालिकाले सम्मान गर्ने भन्दै सोहीअनुसार जनयुद्ध दिवसका दिन कार्यक्रम गरेर कदर गर्न लागिएको बताए। नगरपालिकाले जारी गरेको सूचनामा भनिएको छ, 'सबैला नगरपालिका नगरकार्यपालिका कार्यालयको माघ २७ गते शुक्रबारको निर्णय बमोजिम जनयुद्ध दिवसको अवसरमा फागुन १ गते सोमबारका दिन यस सबैला नगरपालिकाभर सार्वजनिक बिदा रहने सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।'

## अभिभावकत्व सम्बन्धि दुई दिने तालिम सम्पन्न



आरके श्रीवास्त्व
गरुडा, २७ माघ। रौतहट सदरमुकाम गौरमा अभिभावकत्व सम्बन्धि दुई दिने तालिम सम्पन्न भएको छ। शुक्रवार गौर अवस्थित सिया प्यालेस होटलमा मानसिक स्वास्थ्य र सकारात्मक अभिभावकत्व सम्बन्धि दुई दिवसीय तालिम सम्पन्न भएको हो। शुक्रवार वर्लड भिजन र निरन नेपालको संयुक्त आयोजनामा सञ्चालन भएको तालिममा विभिन्न धर्मका धार्मिक अगुवाहरू जस्तै; पण्डित बाबा , किशोर किशोरी, समाजसेवी ,अभिभावक ,मौलाना र पास्टरहरुको विशेष उपस्थिति रहेको थियो। हाम्रो समाजमा कुरितिका रूपमा विद्यमान रहेको बालविवाह ,दाइजो प्रथा ,महिला हिंसा,बाल शोषण, छुवाछुत अन्त्यका लागि वर्लड भिजन नेपाल र निरन नेपाल कार्यक्रम सञ्चालन गर्दै आएको हो।
समाजमा विकृतिका रूपमा विद्यमान रहेका समस्याहरू विरुद्ध लड्ने धार्मिक अगुवाहरूलाई सम्मानित गरिने पनि निरन नेपालका जिल्ला अध्यक्ष अनिशुर रहमानले बताए। कार्यक्रममा प्रशिक्षक नहिदा बनु,सावन सावन्त र पास्टर दीपक श्रेष्ठले प्रशिक्षण दिएका थिए। मौलाना शेख अनिसुर रहमानको अध्यक्षतामा सञ्चालन गरिएको कार्यक्रममा गुरु पण्डिजी भुपनारायण पण्डिजी, पास्टर दीपक श्रेष्ठ लगायत पत्रकार ,समाजसेवीहरुको उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन शिव शंकर पासवानले गर्नु भएको थियो। सो दुई दिने तालिममा उपस्थित भएका धार्मिक अगुवाहरू, किशोर किशोरी, प्रशिक्षक, समाजसेवी, पत्रकार, अभिभावकहरु आ-आफ्नो गाउँ समाजमा त्यस्ता कुप्रथा प्रति आवाज उठाउने प्रतिबद्धता पनि जनाएका थिए। साथै बार्षिक प्रगति र क्रियाकलापका लागि सुझाव सङ्कलन र वार्षिक कार्यक्रम तालिका तयार पारिएको थियो।

## बृन्दावनका मेयर कुर्मीको खोला उत्खन्नमा मनोमानी

आरके श्रीवास्तव
गरुडा,२७ माघ। रौतहट जिल्लाको बृन्दावन नगरपालिकामा मेयर बिनोद प्रसाद कुर्मीले खोला उत्खन्नमा मनोमानी गरिरहेको स्थानियहरुले आरोप लगाएका छन्। ठेक्का पट्टा नलगाएर आफ्ना खेताला लगाएर पैसा असुल्ने गरेको स्थानीयको भनाइ रहेको छ।
नगरपालिका स्थित बागमती खोला उत्खननका लागि ठेक्का लगाउनु पर्नेमा मेयर कुर्मीले आफ्नै भाई भजितलाई दैनिक ज्यालादारीका काममा राखेर खोला उत्खन्नको अमानतमा काम दिएको भन्दै आज स्थानीयले कर उठाउने घरनै तोडफोड गरेका छन्।
शुक्रवार दिउँसो रमौली घाटमा पुगेका स्थानीयले मेयरले मनपरी गरेको भन्दै कर उठाउनका लागि बनाईएको खरको छाप्रोनै तोडफोड गरेका हुन्।
बृन्दावन नगरपालिकाको वडा नम्बर २ का वडा अध्यक्ष सिकेन्द्र पटेलका अनुसार मेयर कुर्मीले खोला ठेक्का नलगाएर आफ्ना मान्छेलाई अमानतमा खोला उत्खननको पुर्जि काटन लगाएको भन्दै कर उठाउने छाप्रोनै भत्काएको बताए।
चुनाव खर्च उठाउनका लागि मेयर कुर्मी र कार्यालय प्रमुख खिम बहादुर भुजेलको मिलेमतोमा एक टिफरको पुर्जी काटेर चार टिप नदिजन्य पदार्थ पठाएर आर्थिक अनियमिता गरेको भन्दै आफुहरुले आजबाट खोला उत्खन्नमा रोक लगाएको जसपा नेपालका मधेश प्रदेश सदस्य तथा स्थानीय बासिन्दा बिबेक पटेलले बताए।

## राज्यमन्त्री केशव रायद्वारा बिधालय भवनको शिलान्यास



आरके श्रीवास्तव
गरुडा,२७ माघ।
रौतहटको फतुवा बिजयपुर नगरपालिकामा मधेश प्रदेशका गृह तथा संचार राज्यमन्त्री केशव राय चौधरीले विद्यालय भवनको शिलान्यास गरेका छन।
नगरपालिकाको वडा नम्बर ८ स्थित रहेको श्री प्राथमिक बिधालय बुनियादमा भवन निर्माणको लागि शिलान्यास गरिएको हो।
शिलान्यास पछि सञ्चारकर्मीहरु सँग कुराकानी गर्दै राज्यमन्त्री चौधरीले शिक्षालाई पहिलो प्राथमिकतामा राखेर काम गर्ने प्रतिक्रिया दिए। आफनो निर्वाचन क्षेत्र अन्तर्गत पर्ने बिधालयहरुको अवस्था सुधार गर्न सकरभर पहल गर्ने बताए।
साथै वहाँले प्राबि बुनियादमा आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाए। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत सो बिधालयमा २ कोठे भवन निर्माण हुन लागेको प्रधानाध्यापक मुक्तिनारायण चौधरीले जानकारी दिएका छन। भवन निर्माणको लागि १८ लाख बजेट रहेको चौधरीले बताए।
शिलान्यास पछि छिट्टै भवन निर्माणको काम अगाडी बढाइने उनले बताए। सो अवसरमा वडा अध्यक्ष नितेश चौधरी,बिधालय व्यवस्थापन समितिका अध्यक्ष विरेन्द्र चौधरी,सदस्यहरु ोहन माझी,कैलसिया देवी बैठा,रामाशंकर साह कलवार, सिकिलया देवि राम लगायत स्थानीय भद्रभलादमी,बुद्धिजीवीहरूको उपस्थिति रहेको थियो।

## दुर्घटनामा एक जनाको मृत्यु

मधेशदृष्टि
वीरगंज, २७ माघ।
बाराको सिम्रौनगढ नगरपालिकामा विहिवार साँझ दुई वटा मोटरसाइकल एक आपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन्।
सिम्रौनगढ नगरपालिका- ५ कोल्डस्टोर टोलस्थित तेलकुवा सिम्रौनगढ नहर सडक खण्डमा टेटाबाट सिम्रौनगढ बजारतर्फ आउँदै गरेको ना १ प ६८८८ नम्बरको र विपरित दिशाबाट जाँदै गरेको ना १८ प ५१४१ नम्बरको मोटरसाइकल एक आपसमा ठोकिँएका थिए।
दुर्घटनामा ना १ प ६८८८ नम्बरको मोटरसाइकलका चालक सिम्रौनगढ नगरपालिका वडा नम्बर १० टेटा बस्ने ६५ बर्षिय महावीर साह कानुको अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। दुर्घटनामा परेर सोही मोटरसाइकलको पछाडि बसेकी मृतककी नातिनी १३ वर्षीया प्रियान्शु कुमारी साह घाइते भएकी छन्।
उनको अवस्था समान्य रहेको तथा ना १८ प ५१४१ नम्बरको मोटरसाइकल चालक सिम्रौनगढ नगरपालिका वडा नम्बर ४ गंगानगर बस्ने १८ बर्षिय बाल्मिकी यादव पनि घाइते भएको र उनको उपचार कलैया अस्पतालमा भई रहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता एवं डिएसपी राजेश थापाले जानकारी दिए।
दुर्घटनाका बारेमा थप अनुसन्धान भइरहेको प्रहरी प्रवक्ता थापाले बताए।


**देवताल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पिप्राढी गोठ, बारा**
**मधेश प्रदेश, नेपाल**

**सिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७९/१०/२८)

| क्र.सं. | ठेक्का नं. | ठेक्का शिर्षक विवरण/ कार्य विवरण | न्यूनतम ठेक्का अंक मु.अ. कर बाहेक | बोलपत्र जमानत रकम | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | DRM/NCB/W/13/079/080 | झोलुङ्गे पुल स्टील पार्ट खरिद | ३२२९३३५.६३ | ८०,०००.०० | ३,०००.०० |

१. यस देवताल गाउँपालिका अन्तर्गत विभिन्न निर्माण कार्य बोलपत्रको प्रक्रिया अवलम्बन गरी गराउनु पर्ने भएकोले इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपुर्वक बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।
२. यो सूचना प्रकाशित भएको मिति देखि ३० औं दिनसम्म बोलपत्र फाराम यस कार्यालयमा सम्वन्धित निर्माण व्यवसायी वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखानम्बरको प्रमाणित प्रमाणपत्र, आ. व. २०७८/०७९ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र नियमानुसार को तपसिलमा उल्लेख वोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी ) निवेदन साथ पेश गरेपछी नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ।
३. बोलपत्र दाताले बोलपत्र भर्दा प्रत्येक आईटमको दरभाउ अंक र अक्षरमा खुल्ने गरि स्पष्ट लेखिनुपर्नेछ। अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। केरमेट भएको ठाउँमा सहि गरि छापँ लगाएको हुनुपर्नेछ।
४. बोलपत्र दाताले बोलपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ध्ज्ञ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउन सकिने छ।
५. बोलपत्र फारमसाथ जमानत वापतको रकम यस गाँउपालिका कार्यालयको नाममा देवताल स्थित सिद्बार्थ बैंकमा रहेको धरौटी खाता नं.००२१५३६९६६० मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा ९० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यताप्राप्त "क" वर्गको बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ। यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ।
६. दर्ता हुनआएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा ३१ औं दिनको २:०० बजे पछी खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।
७. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन्।
८. बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ।
९. यसमा उल्लेखित नभएका अन्य कुरा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) समेत बमोजिम हुनेछ।
बोलपत्र सम्बन्धी थप जानकारीका लागी यस गाउँपालिका कार्यालयमा कार्यालय समय सम्म सम्पर्क गर्न सकिने।

**राजिव कुमार यादव**
**नि.प्रमुख प्रशासकिय अधिकृत**

# सिक्किमको समस्या समाधान भयो त ?

सन् २०१३ मा हालिएको एउटा कर छुट सम्बन्धी रिट निवेदनमा १३ जनवरी २०२३ मा भारतको सर्वोच्च अदालतले गरेको फैसलामा प्रयोग भएको एउटा शब्दावलीका कारण अशान्त भएको सिक्किम राज्य आजबाट शान्त भएको छ।

हिजो भारतको सर्वोच्च अदालतले आफुले गरेको फैसलामा सिक्किमका नेपाली भाषीलाई आप्रवासी /विदेशी भन्ने शब्द फैसलाबाट हटाएपछि तनावमा रहेको सिक्किम आजबाट सामान्य लयमा फर्किएको हो।

सिक्किम विधान सभामा आज त्यहाँका सबै विधायकहरू र सिक्किम सरकारको तर्फबाट अभूतपूर्व एकताका साथ सर्वोच्च अदालतलाई सच्याउन संघर्ष गरेका सिक्किमेली जनताहरूलाई धन्यवाद दिएको छ।

आज विधान सभाले एक तीनबुँदे एक विशेष प्रस्ताव पारित गर्दै सन् १९७५ मा भारतमा बिलय हुँदा दफा ३७१ मा स्वीकार गरेको सिक्किमेली वर्गीकरण पहिचान, विशेष अधिकार र  सुरक्षाको विषयबाट भारत सरकार पछि नहटोस् भनि आग्रह गरेको छ।

सिक्किम संयुक्त परिषदको आयोजनामा हिजो संघर्षको उत्कर्षको रुपमा पुरै सिक्किम बन्द भएको थियो। तर हिजै सर्वोच्च अदालतले सिक्किम सरकारको अनुरोध निवेदन र भारतको केन्द्रिय सरकारको आग्रहमा नेपाली भाषीहरूको विशेष पहिचानलाई अपमानित हुनेगरी राखिएको शब्दहरू हटाएपछि सिक्किममा थप तनावको अवस्था हुनबाट जोगियो।

सिक्किम १९७५ मा भारतमा गाभिएको थियो। सो समय भारतीय संविधानको धारा ३७१( समानताको हक प्राप्त हुने फैसला गर्यो।

'अहिले सिक्किममा आप्रवासी' विदेशी भन्ने शब्द फिर्ता भएकोमा सम्पूर्ण नेपालीभाषीहरू बीच खुसी छाएको छ। साथै उनीहरू गम्भिर रुपमा दुःखी पनि भएका छन्। किनकि नेपाली भुटिया र लेप्चाको सिक्किमेली विषेश पहिचानको सुरक्षा अन्योलमा परेको छ' सिक्किममा पच्चीस वर्षसम्म शासन गरेका पूर्व मुख्यमन्त्री पवन चाम्लिङले भन्नुभयो-यो भारत र तत्कालिन सिक्किम बीच भएको सहमतिको उलंघन भयो।

सन् १९७५ अप्रिल २६ लाई कट.अफ.एयर. मानेर त्यस अगाडि सिक्किममा व्यापार गरेर बसीरहेका तर नागरिकता नभएका विहारी, मारवाडी र बंगालीहरूलाई पनि न्याय होस् भनी आवासीय प्रमाणपत्र दिइएको थियो। तत्कालिन चाम्लिङ सरकारले उनीहरूलाई पनि पुराना सिक्किमेली सरह पहिचान दिनुपर्ने धारणा राखेको थियो। अहिले सर्वोच्च अदालतले गरेको फैसलाबाट सिक्किममा व्यापार गरेर बसिरहेका अन्य भारतीय नागरिकलाई पनि सोही सुविधा दिने बाटो खोलेको हुनाले आज सिक्किमको विधान परिषद्मा सो फैसला सच्याउन सबै राजनीतिक दलहरूले माग गरेका छन्। विधान सभामा अधिकांश विधायकहरूले १९७५ अगाडि सिक्किममा बसोबास गरिरहेका सबै जाती र भाषीहरू लाई विना भेदभाव समान अधिकार दिनुपर्ने तर त्यसपछि गएकाहरूलाई भने विशेष सुरक्षा दिन नहुने आवाज उठाएका छन्।

सिक्किम आज शान्त भएपनि फेरि तुरुन्तै नयाँ किसिमको आन्दोलनमा आउन सक्ने अन्योल,




एफ) थपगरी त्यसअगाडि सिक्किममा रहेका भुटीया, लेप्चा र नेपालीलाई सिक्किमेली विशेष पहिचान र अधिकार सुरक्षित गरिएको थियो भने त्यहाँ रहेका अन्य भारतीय मूलका व्यापारीहरूलाई त्यस्तो विषेश सुरक्षा दिइएको थिएन ।सिक्किम स्वतन्त्र हुँदा सन् १९४० मा तत्कालिन राजा छोग्यालले सो वर्षलाई ' कटअफ एयर' मानेर सो समयमा सिक्किममा रहेर व्यापार गरिरहेका भएपनि बंगाली, विहारी, मारवाडी, पञ्जावीहरूलाई भने सिक्किमको नागरिक नमान्ने निर्णय गरेका थिए। पछि सिक्किम भारतमा गाभिंदा सोही मान्यता कायम राखी नेपाली, भुटीया लेप्चालाई मात्रै विषेश अधिकार दिने संवैधानिक अधिकार कायम भयो । तर २०१३ मा लामो समय देखि सिक्किममा बसीरहेका ५ जना मारवाडी व्यापारीहरूले आफुहरूलाई पनि पुरानो सिक्किमेली पहिचान पाउनुपर्ने र सोही अनुसार आयकर लगायतका विषयमा छुट सुविधा हुनुपर्ने माग राखी सार्वोच्च अदालतमा रिट निवेदन दिएका थिए। १० वर्षपछि सो रिटमा फैसला गर्दै भारतको सर्वोच्च अदालतले उनीहरूको माग अनुसार आयकर छुट सुविधा प्राप्त हुने फैसला गर्यो। साथै फैसलाको व्याख्यात्मक खण्डमा नेपाली भाषीलाई विदेशी आप्रवासी भएको टिप्पणी पनि गर्यो। त्यसका साथै सिक्किममा रहेका सबै भारतीय नागरिकहरूलाई संविधानको धारा १४ को आशंका र चिन्ताबाट व्यग्र छ ; गान्तोकका वरिष्ठ पत्रकार विजय वान्तवाले स्वतन्त्र समाचारलाई बताउनु भयो। उहाँका अनुसार सिक्किममा आशंका र त्रासको मनोविज्ञान व्याप्त छ। साथै नेपाली, लेप्चा र भुटीया समुदाय बीच सिक्किमेली विशेष पहिचानका लागि अपूर्व एकता देखिएको छ।

आजै भारतको संघीय संसद लोक सभामा सिक्किमबाट प्रतिनिधित्व गर्नुहुने लोकसभाका सदस्य इन्द्रहाङ सुब्बाले सदनमा विषेश समय लिएर नेपाली भाषामा यस विषयमा उहाँले आफ्नो धारणा राख्नुहुँदै सिक्किमका नेपाली भाषी हरूलाई आप्रवासी भनिएको सर्वोच्चको फैसलाको निन्दा गर्नु भएको छ। उहाँले सिक्किम भारतमा विलय हुँदाका शर्तहरूको सम्मान गर्न भारत सरकार र त्यहाँको सर्वोच्च अदालतको ध्यानाकर्षण गराउनु भयो।


सन् १८९१ मा सिक्किममा गरिएको पहिलो जनगणनामा नेपाली समुदाय सत्तरी प्रतिशत र भुटिया तथा लेप्चा तीस प्रतिशत पाइएका थिए भने तत्कालीन भारतीय मूलका वासिन्दा त्यहाँ थिइनन्। सन् १९७५मा आइपुग्दा एकतिस मारवाडी र विहारी परिवार व्यापारका लागि त्यहाँ रहेको पाइएको थियो भने करिब पाँच सय परिवारले पुरानो सिक्किमेली पहिचान पाउन सक्ने अनुमान पूर्व मुख्यमन्त्री चाम्लिङले गर्नुभएको छ ।

श्रोतः आइएनएस-स्वतन्त्र समाचार

**कथा**

# सवा कट्टु पौने पोइठ

*त्यो बेली बटम कालो सुरुवाल अब न पौँइठ, न कट्टु भएको छ। त्यो सुरुवाल 'सवा कट्टु पौने पोइठ' भएको छ। मैले सोधेको थिएँ, - 'हजुरले यस्तो किन गरिबक्सियो?'उहाँको जवाफ थियो- 'मैले कुनै काम पाइना तपाइँ आउनुहोस न, म तपाईँलाई यो लगाएर देखाउछु नि ।*



राजु झल्लु प्रसाद

तपाईँको केही काम बचेका छन ? केही काम सकीहाल्नुपर्ने छ ? गरिसिध्याउनुहोस । भ्याउनुहोस ।तपाईँलाई कतै पुगेर आउनुछ ? कसैले भेट्न जानू छ ? कतै डुल्न निस्कनुपर्ने छ ? पुगेर आइहाल्नुहोस।

चिया खान मन छ ? बसाल्नुहोस । उमाल्नुहोस। चिया चिनी राख्नुहोस, तेजपत्ता र दालचिनी पनि राख्नुहोस । राख्नुभयो ? अब चियालाई उम्लनु दिनुहोस। उम्लियो ?

अब आफ्ना ओँठले दिनहु चुमिरहेको गिलासमा खन्याउनुहोस । बार्दली, कुर्सी, चगटी या कार्पेटमा बस्नुहोस ...म पर्खन्छु । ....पर्खीरहन्छु । मोमो खान मन छ, क्याफे कुदिहाल्नुस । भलिबल खेल्न मन छ ? मैदानतिर मोडिहाल्नुस । तपाईँको अरू केही काम बचेका छन ? थप केही काम सकिहाल्नुपर्ने छ ? गरी सिध्याउनुहोस । केही काम अझ बचेका होलान सम्झनुहोस ।

समय छ । समय नै समय छ । सिग्मन्ड फ्रायडलाई बोलाउनुस । ओशोलाई बोलाउनुस । नित्शेलाई बोलाउनुस । डालीलाई बोलाउनुस। ...तर सम्झनुहोस । हेक्का रहोस - तपाईँलाई गर्न मन लागेक केही पनि नछुटोस । खान, खेल्न, डुल्न, भुल्न, देख्न, हेर्न, सुन्न मन लागेको केही कुरा नछुटुन ।

हेक्का रहोस- तपाईँले सम्झनमा सम्झौता नगर्नुस । सम्झनसँग सुगौली सन्धी नगर्नुहोस । सम्झनसँग बार्ह बुँदे नगर्नुहोस । सम्झनमा कुनै कसर, असर, बेसार, तितौरा, अचार, चम्चा, थाल, नाङ्लो, साङ्लो बाँकी नरहोस ।श्वासप्रश्वास छुटोस, धड्कन टुटोस, स्नायु तन्तु चुटोस, सम्झन नछुटोस ।मन लागेको सिध्याइहाल्नुनुस, भ्याइहाल्नुस ।

पूर्वकथन :

म चिया पिउँछु । तपाईँ आफूलाई मन परेको पेय पिउन पाउनुहुने छैन । चिया नै पिउनु पर्नेछ । तर कथा सुरु गर्नुपूर्व एक(दुई थप शर्तहरू छन ।

एक( चिया पिएको आवाज आइराख्नुपर्छ । चिया पिउन छाड्नुभएको छ या चिया मन पराउनुहुँदैन भने मेरो सविनय अनुरोध छ, तपाईँ कथा पढ्न छाडीहाल्नुहोस । अहिले रोक्नुहोस । यहाँ देखि भागिहाल्नुहोस । बरू फोन उठाउनुस र भाग्य न्यौपानेको भिडियो हेर्नुहोस । फोन उठाउनुहोस र युट्युब ट्रेन्डीङ्क साउथ इन्डियन फिल्महरू हेर्नुहोस । चरा हेर्न निस्कनुहोस । गुलेली र बुख्याँचा खोज्न निस्कनुहोस । तरकारी किन्न निस्कनुहोस । घिरौलो किन्नुहोस, करेलो किन्नुहोस । लौका किन्नुहोस, मुला किन्नुहोस । कलमको रिफिल किन्न बजारतिर हामफाल्नुनुहोस । कापीको ताउ किन्न हाटबजारतिर दगुर्नुहोस । सिनेमा हलतिर दगर्नुहोस । नाटकघरतिर फ्याल हान्नुस । मन्दिर छिर्नुस । घाटबाट निस्क्नुस । राजेश हमालको जोक्स पढ्न थाल्नुहोस । लाइफ ड्यामेज बाबाका टिकटक हेर्नुहोस । कट्टु र सेन्डो खोलेर सुत्नुस । घुर्नुहोस । घुरीरहनुहोस ।

तर चिया पिउनुहोस । नपिउने भए यहाँदेखि टाप हान्नुस । एकछिन पनि यता नबस्नुहोस । चिया नपिउनेले जिउदैनन । चियासँग वैमनस्यता साँध्नेले हाँस्दैनन । हाँस्न सक्दैनन ।

दुई( जे गर्नुहोस सो गर्नुहोस । तर चियाचाहिँ पिउनुहोस । अरू पेय भाडमा जाओस ।

मैले कथा भनिरहँदा बीच(बीचमा नपाल्ननुहोस । बीच(बीचमा नखोक्नुहोस । कान कोट्याउने कन्करो खोज्न नथाल्नुहोस । दाँतका काँस सफा गर्नेतिर नलाग्नुहोस । मुख च्यातेर हाइ(हाइ नगर्नुहोस । यस्ता हाइ(हाइ गर्नेहरूलाई मैले ढीस हान्नेछु, ठिस ठान्नेछु, रिस गर्नेछु, गाली गर्नेछु, मुख तोड्नेछु, चड्कन मार्ने छु । बाइ(बाइ गर्नेछु । एक(दुई स्मेरो फेरी पनि सविनय अनुरोध छ( तपाईँका कुनै पनि काम (चाहे ती अत्यन्त सामन्य नै किन नहुन ?) बाँकी बचेका छन भने (रहेछन भने) त्यता लाग्नुहोस यता नढिम्कनुहोस, नमुन्टीनुहोस, नथेचारीनुहोस, नपाल्नुहोस, न सवार होइबक्स्नुहोस ।

कृपया, काम साँची नराख्नुहोस काम फत्ते गरिहाल्नुहोस । मैले भनेको मान्नुहोस मेरो अनुरोध स्विकार्नुहोस ।

**कथनैः कथन**

१. प्रेमिका ज्यूँको सुरुवाल

प्रेमिका ज्यूँको फोन आएको थियो । एकाबिहानै उहाँले बोलाउनुभएको छ । पुगीहाल्नुपर्नेछ । दौडीहाल्नुपर्नेछ । तपाईँको स्कुटी हाँक्ने हो ? लौंलौ, म पछाडि बसे । दौडाइहाल्नस , पुर्याइहाल्नूहोस । ..पुगी हाल्नुपर्नेछ । ...दौडी हाल्नुपर्नेछ ।

**सह कथन**

उहाँ मुजादार, फराकिलो बेली बटम स्टाइलको सुरुवाल लगाउने गर्नुहुन्छ । उहाँको मनपसन्द रङ कालो हो । अतः कालो मुजादार, फराकिलो सुरुवालमा उहाँ बडा फरासिलो, मिठासिलो र मजासिलो देखिने गर्नुहुन्थ्यो/गर्नुहुन्छ । उहाँले फोन गरेर त्यो सुरुवाल काटेर छोटो बनाएको बताउनुभयो । उहाँको अनुसार त्यो बेली बटम कालो सुरुवाल अब न पौँइठ, न कट्टु भएको छ । त्यो सुरुवाल 'सवा कट्टु पौने पोइठ' भएको छ । मैले सोधेको थिएँ, - ' हजुरले यस्तो किन गरिबक्सियो ?' उहाँको जवाफ थियो - 'मैले कुनै काम पाइन । तपाइँ आउनुहोस न, म तपाईँलाई यो लगाएर देखाउछु नि ।'

यसपछि मेरो प्रतिउत्तर थियो('क्याबात । गजब । काम नपाउँदाखेर हुँदाखाँदाको सुरुवाल काट्न सकिन्छ । समयको सदुपयोग गर्न सकिन्छ । क्या बात । दिल छु लिया । दिल लुट लिया । दिलमे डाँका डाल्दिया । दिल गार्डेन गार्डेन हो गया । मज्जा आगया । हमजायगा हो गया । क्या बात । क्या बात ।'

> " उहाँ मुजादार, फराकिलो बेली बटम स्टाइलको सुरुवाल लगाउने गर्नुहुन्छ । उहाँको मनपसन्द रङ कालो हो । अतः कालो मुजादार, फराकिलो सुरुवालमा उहाँ बडा फरासिलो, मिठासिलो र मजासिलो देखिने गर्नुहुन्थ्यो/गर्नुहुन्छ । उहाँले फोन गरेर त्यो सुरुवाल काटेर छोटो बनाएको बताउनुभयो । उहाँको अनुसार त्यो बेली बटम कालो सुरुवाल अब न पौँइठ, न कट्टु भएको छ । त्यो सुरुवाल 'सवा कट्टु पौने पोइठ' भएको छ । मैले सोधेको थिएँ, - 'हजुरले यस्तो किन गरिबक्सियो ?' उहाँको जवाफ थियो - 'मैले कुनै काम पाइन । तपाइँ आउनुहोस न, म तपाईँलाई यो लगाएर देखाउछु नि ।'

यसपछि उहाँले कटक्क मन दुखाउँदै चटक्क फोन काटिदिनुभयो । बन्चेरो लिएर जङ्गल काट्न हिँड्दा थाकेर रुखको छहारीमा बसेको मनुवाजस्तै होइगए म । गर्मीले हप्प..हप्प...हप्पहप्प .....एकछिन पछी पनी उहाँकै फोन आयो । भन्नुभयो(' मन नपरे, पर्या छैन भने भैगो नि । के नानाभाँती भन्या ? समयको सदुपयोग अरे ? मेरोचाहिँ के काम नै नभएजस्तो । तपाईँलाई देखाउँछु, नाचेर देखाउँछु भनेको । कत्ति न, लु लु आउनु पर्या छैन, अब कहिल्यै नआए हुन्छ, आउँदै नआए हुन्छ ।' यसपछी उहाँले फेरी फोन कटक्क काट्नुभयो । मेरो मन पटक्क भाँचियो । चटक्क चुडीयो । कटक्क टुक्रयो ।

प्रेमिकाज्यूँ रिसाईराख्नु भएको होला । सवा कट्टु पौने पौँइठ लगाएर उहाँ मुख फुलाएर बसीरहनु भएको होला । हामी पुगीहाल्ननुपर्नेछ। त्यसपछी उहाँ नाच्नुहुनेछ र हामी थप्पडी मार्नेछौँ । यो गरिहाल्नुपर्नेछ ।

तपाइँ स्कुटी हाँकीहाल्नुहोस । लौ हिँड्नुहोस बाटामा तपाईँका प्रेमिकाका किस्सा पनि सुनौँला । बुनुँला ।

२. साथीको कछाड

साथीको म्यासेज पनि आइपुग्यो । यो पढी हालौँ । ओह.. म त एकाबिहानै ऊ कहाँ पुगीहाल्नुपर्ने भयो । मैले आफ्नो कछाड उतार्नुपर्ने भयो । उतारीहाल्नु पर्ने भयो । तपाईँ न नउतार्नुस। तपाईँ बस स्कुटीको ब्रेक मार्नुहोस । म मेरै कछाड बोकेर उ कहाँ पुग्नुपर्ने भयो । निस्कीहाल्नु पर्ने भयो । पुगीहाल्नुपर्ने भयो । दौडी हाल्नपर्ने भयो ।तपाईँ पनि दौडीनुपर्यो  दौडीहाल्नहोस ।

**सह कथन**

प्रभातकालिन शीतमा नुहाउँदै ऊ वन विभाग अगाडी पुगेछ । वन विभाग उसको डेराबाट सवा मिनेटको समय छ । वन विभाग बिहानको उदाउँदो सूर्यको किरण आँखा परेर उठु उठु, होइन सुतु सुतु, होइन उठेर मुतु अनि त्यसपछि फेरी सुतु सुतुको अवस्थामा रहेछ।

उसले उठ्नेबित्तिकै मुतिहाल्ने मानव जातिको ऐतिहासिक शिल(स्वभावलाई चटक्कै बिर्सिमारेछ र एकाबिहानै मर्निंगवाकका लागि मुत्दै नमुती दौडीमारेछ । दौँड्दा दौँड्दा उसको मूत्र थैलीमा जोड परेछ, भार परेछ, गाह्रो परेछ, चोट परेछ, टुटिल्को उठेछ। । हठात उसले कछाडमै पिसाब उम्काएछ, तुर्काएछ, पोखेछ, छताछुल्ल पारेछ ।

तर, यतिमै ऊ रोकीएनछ । भिजेको कछाड खोलेछ । हतारमा उसले कछाड मात्रै ल्याएछ । भिजेको कछाड खोलेछ । सर्वांग नाङ्गो भएछ । कोही थिएन, यसैले लाज पनि थिएन । उसले आफ्नै मुतले भिजेको कछाडलाई वन विभागको गेटमै रहेको फेड प्लान्टको झाडीमा टांगदिएछ ।

एकाबिहानै फेड प्लान्टको मुख खराब भएछ । निन्द्रामै मूत सुँघाउने हरिलठ्ठकसँग फेड प्लान्ट महाशय रिसाई बक्सेछ । गाली बक्सी बक्सेछ । दनक दिई बक्सेछ । घुस्सा गरी बक्सेछ ।

हैरान भएर साथीले ओभाउनै नभ्याएको आफ्नो कछाड उठाउन खोजेछ, तर सकेनछ । उसले हात जोडेछ । माफी मागेछ । पाउ छोएछ । पैतला सुम्सुमाएछ । तर फेड प्लान्टको अनुहारमा घाम लागेन । उहाँको अनुहार झिसमिसे बिहानजस्तै अँध्यारो( आँखीझ्याल जस्तै भइरहेछ ।

उहाँ ठुस्कीरहनुभएछ, ठुसुक्क, ठुसुक्क..साथीले फेरी आफ्नो कछाड निकाल्न खोजेछ तर सकेनछ । फेरी खोजेछ, फेरी पनि सकेन छ ।' सकेनछ ।

भएको के रहेछ फेड प्लान्टको रिस कसैगरि पनि मार्दै मरेनछ । एकाबिहाने मानव मुत्र सुँघेर उहाँ पागल हुनुभएछ । शहरका कविहरूजस्तो धाराप्रवाह कवितात्मक शैलीमा, विद्रोहात्मक शैलीमा, मार्क्सवादी अन्दाज ए बयाँमा, चेवादी स्टाइलमा, प्रयोगमा गालीगलौजका महावाणीहरू, महाकाव्यहरू, महाकविताहरू, महाकथाहरू, महा(दास क्यापिटलहरू दिन थाल्नुभएछ ।

त्यतिले पनि पुगेनछ, फेड प्लान्ट महाशयले साथीलाई हुकुम बक्सिएछ रुकुम होइन( ' यो यहीँ छाडेर जा । तेरो कछाड तैंले अब कहिल्यै पाउदैनस ।'

साथीले भनेछ( 'कछाड चाहिँ बिन्ति नराख्नुस । बरु यो सेन्डो राख्नुस । यो भिजेको छैन । यसमा मुत परेको छैन । मैले मुतेको छैन । यो कछाड मलाई तछाडमछाड गर्दै प्रेमीका ज्यूले मेरो बर्थडेमा उपहार टक्राउनुभएको थियो । उहाँको मन दुख्छ । उहाँको चित्त रुन्छ । कछाड चाहिँ नराख्नुहोस । कछाड चाहिँ नमाग्नुहोस ।'

फेड प्लान्ट जीले केही पनि सुन्नु भएनछ । मुतले लुछुप्प लुछुप्प भएको कछाडलाई उहाँले समाईराख्नुभएछ, छाड्नुभएनछ ।

यसकारण साथीले मलाई फोन गर्यो । कछाड उ कहाँ पुर्याउनै पर्ने भयो । अब एक थान कछाड बोकेर ऊ कहाँ पुग्नुपर्नेछ । त्यतिन्जेल कछाड जाने ऊ के गर्छ ? मुतजाने ऊ के गर्छ ? हातले गुप्तांग छोप्दै होला, बिचरा, लाजको पोको । यसकारण म पुगीहाल्नुपर्नेछ । उसको इज्जत बचाईहाल्नु पर्नेछ । उसो त प्रेमिकाज्यूँ कहाँ पनि पुगीहाल्नुपर्नेछ ।

त्यसो भए अब यसो गर्नुपर्नेछ । तपाईँ मेरो साथीकहाँ पुग्नुहोस । म प्रेमिकाज्यू कहाँ पुग्छु । एकैपटक दुवै काम फत्ते हुन्छ । यसो गरिहाल्नुपर्नेछ । पुगीहाल्नुपर्नेछ । तपाईँ मेरो कछाड समाउनुस, मेरो साथी कहाँ दौडिनुहोस । उसलाई कछाड दिनुहोस र उसको इज्जत बचाउनुहोस ।

म फोन समाउछु, प्रेमिकाज्यूँ कहाँ पुग्छु । उहाँलाई फकाउनु पर्नेछ, उहाँको मन राख्नेछु र उहाँलाई नचाउनेछु । हामी फेरी भेटौँला । तपाईँ निस्कीहाल्नुहोस । म निस्कीहाल्छु । हामी निस्कीहालौँ । पुगीहालौँ । लौदौडीहालौँ । कुदीहालौँ । साथीलाई मेरो कथा(व्यथा बताईदिनुहोला । उसले तपाईँको कुरा बुझीदेला । मेरो कष्ट बुझीदेला । मसँग नरिसाईदेला ।

**उपकथन :**

म थाकेको थिएँ । तपाईँ पनि थाक्नुभएको थियो । हामी थकाइले चुरचुर भएका थियौँ । तपाईँले साथीलाई भेट्नुभएन । तपाईँले उसको इज्जत बचाउन सक्नुभएन । मैले प्रेमिकाज्यूलाई भेटिनँ । मैले सवा कट्टु पौने पौँइठ सुशोभित उहाँको डान्स हेर्न सकिनँ । उहाँलाई फकाउन सकिनँ ।

हामी दिक्क भएका छौं । दिक्दार भएका छौं । साथीलाई तपाईँले वन विभागमा भेट्नुभएन । धेरे खोज्नुभयो । देख्नुभएन । बोलाउनुभयो । कछाड, कछाड गर्नुभयो । साथीको आवाज सुन्नुभएन । वन विभागमा फेड प्लान्ट नै भेट्नुभएन । तपाईँले कछाड पनि देख्नुभएन । तपाईँले साथीलाई कतै(कसै गरि पनि भेट्नुभएन । मैले प्रेमिकाज्यूलाई भेटिनँ । मैले धेरै खोजेँ । देखिनँ । बोलाएँ । प्रेमिकाज्यू, प्रेमिकाज्यू गरेँ । प्रेमिकाज्यूको आवाज सुनिनँ । पौने कट्टु र सवा पौँइठ पनि देखिनँ । प्रेमिका जीको नाँच पनि हेर्न पाइनँ । मैले प्रमिका ज्यूँलाई कतै(कसैगरि पनि भेटीनँ । उहाँहरू दुवै लापता हुनुभयो । एकाएक गायब हुनुभयो । एकाएक लुप्त हुनुभयो । हराउनुभयो ।

साथीको फोन पनि लागेन । प्रेमिकाज्यू आफ्नो बसेरा पनि भेटिनुभएन । साथीको कछाड हरायो । साथीको मुत हरायो । प्रेमिकाज्यू हराउनुभयो । प्रेमिकाज्यूको सवा कट्टु पौने पोइठ पनि हरायो । हाम्रो विचल्ली भयो । हाम्रो उठिबास लाग्यो । हामी दौडेको दौड्यै भयौं । कुदेको कुद्यै भयौं । साथीको कछाड भेटिएन, अब उसको प्रेमिकाले उसलाई मार्ने भइन ।प्रेमिकाज्यूको खबर भेटिएन, अब उहाँले मलाई मार्ने हुनु भयो ।

दौडेर पनि भएन । कुदेर पनि भएन । खोजेर पनि भेटिएन । कुदेर पनि भेटिएन । यो के भयो ? कसरी भयो ? 'किन भयो ? साथी र प्रेमिकाज्यू कहाँ हरायो र हराउनुभयो ? प्रेमिकाज्यू र साथी कता पुग्नुभयो ? पुग्यो?

**उपसंहार**

एकाएक तपाईँले भन्नुभयो - 'हेर्नुहोस त, राष्ट्रपतिज्यू त नाचीरहनु भएको छ । छमछम । छमछम ।' एकाएक मैले भनेँ( 'राष्ट्रपतिज्यू होइन होला । राष्ट्रपतिज्यू किन पो नाच्नुहुन्थ्यो ?' एकाएक तपाईँले भन्नुभयो( 'साच्चै राष्टपतिज्यू नै हो । कालो रङको सुरुवाल धारण गर्नु भएको छ । होइन, होइन, सवा कट्टु र पौने पोइठ नै लगाउनुभएको छ । र, नाचिरहनु भएको छ । छमछम । छमछम । नाचीरहनुभएको छ । कम्मर मर्काइरहनुभएको छ ।

२.केहीबेर अझ दौडीयौँ हामी । **अझ परपर पुग्यौँ**

मैले एकाएक भनेँ( 'हेर्नुहोस त प्रधानमन्त्रीज्यू नांगै हुनुहुन्छ । थपडी मारीरहनु भएको छ । थपथप। थपाथपाथप।'

- बाँकी पृष्ठ ६ मा

# मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा : ऋणीलाई राहत

काठमाडौँ, २७ माघ
नेपाल राष्ट्र बैंकले ऋणीका लागि केही राहत प्रदान गर्ने उद्देश्यले केही लचक नीति अख्तियार गरेको छ । केन्द्रीय बैंकले शुक्रवार चालू आर्थिक वर्षको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा गर्दै ऋणीलाई केही राहत प्रदान गरेको हो ।




केन्द्रीय बैंकले गरेको समीक्षामा भनिएको छ, २०८० जेठ मसान्तसम्मका लागि ऋणीले भुक्तान गर्नुपर्ने कर्जाको साँवा/ब्याज दायित्व भाखा नाघेको एक महिनाभित्र भुक्तान गरेमा पेनाल ब्याज लिन नपाइने व्यवस्था गरिनेछ । यसले ऋणीलाई केही राहत प्रदान गर्नेछ। यस्तै, साना तथा मझौला उद्योग-व्यवसायसञ्चालनकालागि सहजीकरण गर्न बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भई गत पुस मसान्तसम्ममा सक्रिय वर्गमा रहेको रू दुई करोडसम्मको कर्जालाई उद्योग- व्यवसायको नगद प्रवाह तथा आम्दानी विश्लेषण गरी आगामी असार मसान्तभित्र पुनःसंरचना तथा पुनः तालिकीकरण गर्न पाउने व्यवस्था मिलाउने प्रबन्ध गरिएको छ । बैंक तथा वित्तीय संस्थाको कर्जाको गुणस्तरलाई थप सुदृढ बनाउन कर्जा वर्गीकरण तथा नोक्सानी व्यवस्थाअन्तर्गत निष्क्रिय वर्गमा वर्गीकृत भएको कर्जा नियमित हुनासाथ असल एवं सूक्ष्म निगरानी वर्गमा वर्गीकृत गर्नेलगायत व्यवस्था पुनरावलोकन गर्ने नीति लिइएको छ।

बैंक तथा वित्तीय संस्थाहरूले कायम गर्नुपर्ने कर्जा र निक्षेपबीचको औसत ब्याजदर अन्तर तथा ऋणीबाट लिने प्रिमियमसम्बन्धी व्यवस्थाको अनुगमनलाई थप प्रभावकारी बनाइने लक्ष्य राखिएको छ।
रासस

# कर्जा असुली सूचना निकाल्दा फोटो छाप्न मनाही

काठमाडौँ, २७ माघ
बैंक तथा वित्तीय संस्थाले आफ्ना ऋणीबाट कर्जा असुलीका लागि सूचना जारी गर्दा उनीहरुको तस्बिर सार्वजनिक गर्न नपाउने भएका छन् । 'नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८' मा संशोधन गर्दै राष्ट्र बैंकले यस्तो व्यवस्था कार्यान्वयनमा ल्याएको हो । कर्जा असुलीका लागि सार्वजनिक सूचना प्रकाशित गर्दा सार्वजनिक व्यक्तिको तस्विर प्रकाशन गर्न पाइने छैन । राष्ट्र बैंकले बिहीबार संशोधन गरेको एकीकृत निर्देशनमा भनिएको छ।
बैंक तथा वित्तीय संस्थाले भाखा नाघेको ऋण असुलीका लागि ऋणीको तीनपुस्ते विवरणसहित सार्वजनिक सूचना जारी गर्ने गरेका छन् ।
एक वर्षभन्दा बढी अवधिका लागि प्रवाह भएको कर्जा असुलीका लागि सार्वजनिक सूचना तथा धितो लिलामीको कारबाही सुरु गर्नुअघि कर्जाले भाखा नाघेको कम्तीमा छ




महिना व्यतीत भई शङ्कास्पद वर्गमा वर्गीकरण गर्नुपर्ने व्यवस्था छ । राष्ट्र बैंकले एकीकृत निर्देशनमा परिमार्जन गर्दै रु १५ लाखसम्मको व्यक्तिगत कर्जामा सम मासिक किस्ताको समयावधि दुई वर्ष बढाएको छ । सममासिक किस्तामा कर्जा भुक्तानी हुने गरी भुक्तानी तालिका तय हुनुपर्ने र यस्तो कर्जाको अधिकतम समायावधि पाँच वर्षसम्म मात्र हुने व्यवस्था रहेकोमा त्यसलाई बढाएर सात वर्ष बनाइएको हो ।
त्यस्तै, अर्थतन्त्रमा पछिल्लो समय देखिएको अवस्थालाई हेरेर बैंक तथा वित्तीय संस्थाले कर्जाको वर्गीकरण गर्दा तल्लो वर्गीकरणसमेत गर्न पाउने भएका छन् । इजाजतप्राप्त संस्थाले अर्थतन्त्रमा देखिने असहज अवस्था वा अन्य कुनै कारणले ऋणीको कर्जा तिर्ने क्षमतामा ह्रास आउने विश्लेषण गरेमा कर्जा सापटलाई तल्लो वर्गमा वर्गीकरण गर्न सक्नेछन् । उदाहरणका लागि कमसल कर्जालाई शङ्कास्पद वा खराब कर्जामा र शङ्कास्पदलाई खराब कर्जामा वर्गीकरण गर्न सकिनेछ। राष्ट्र बैंकको निर्देशनमा भनिएको छ।
गैरबैंकिङ सम्पत्तिको मूल्याङ्कन गर्दा बैंक तथा वित्तीय संस्थाले एउटै मूल्याङ्कनकर्ताबाट लगातार एकपटक भन्दा बढी सोही सम्पत्तिको मूल्याङ्कन गर्न नपाउने व्यवस्था पनि राष्ट्र बैंकले ल्याएको छ।

# राष्ट्र बैंकले घटायो "ओभरनाइट" तरलता सुविधा

काठमाडौँ, २७ माघ
नेपाल राष्ट्र बैंकले 'ओभरनाइट' तरलता सुविधा घटाएको छ । यसअघि बैंकहरूले आठ प्रतिशतको ब्याजदरमा पाउँदै आएको ओभरनाइट तरलता सुविधा घटाउँदै सात प्रतिशत बनाइएको चालू आर्थिक वर्षको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामा उल्लेख छ।
बैंक तथा वित्तीय संस्थालाई ८ दशमलव ५ प्रतिशतको बैंक दरमा यस बैंकले उपलब्ध गराउँदै आएको दैनिक तरलता सुविधाअन्तर्गतको ओभरनाइट तरलता सुविधा सात प्रतिशतको नीतिगत दरमा उपलब्ध हुने व्यवस्था मिलाइनेछ, समीक्षामा भनिएको छ।
त्यसैगरी मौद्रिक नीतिको समीक्षामा 'सजगतापूर्वक कसिलो नीतिगत कार्यदिशा लिइएका कारण शोधनान्तर स्थितिमा क्रमशः सुधार आउन गई २०७९ असोजदेखि बचतमा रहन थालेको छ, उपभोक्ता मूल्य वृद्धिदरमा पनि केही कमी आउन थालेको छ, तथापि, केही वस्तुको आयातमा लगाइएको प्रतिबन्ध र प्रतीतपत्र खोल्दा राख्नुपर्ने नगद मार्जिनसम्बन्धी व्यवस्था पूर्ण रुपले हटाइएको सन्दर्भमा आयात पुनः बढ्न गई बाह्य क्षेत्रमा दबाब पर्न सक्ने सम्भावना रहनाका साथै औसत मुद्रास्फीति अझै पनि लक्ष्यभन्दा माथि रहेकाले चालू वर्षको मौद्रिक नीतिमा लिइएको कार्यदिशालाई यथावत् राखिएको छ' उल्लेख छ ।रासस

# छ महिना कमको संस्थागत मुद्दती निक्षेप राख्न नपाइने

काठमाडौँ, २७ माघ
बैंक तथा वित्तीय संस्थाले छ महिनाभन्दा कम समयको संस्थागत मुद्दती निक्षेप राख्न नपाउने भएका छन् । यसअघि व्यक्तिगत र संस्थागत दुवैतर्फको न्यूनतम तीन महिना समयका लागि मुद्दती निक्षेप राख्न पाउने व्यवस्था थियो । तर नेपाल राष्ट्र बैंकले बिहीबार 'नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८' मा परिमार्जन गर्दै संस्थागत मुद्दती निक्षेप कम्तीमा छ महिनाका लागि हुनुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको हो । व्यक्तिगततर्फको मुद्दती निक्षेप भने तीन महिनाका लागि पनि राख्न पाइनेछ ।तीन महिनाभन्दा कम समयावधिको मुद्दती निक्षेप तथा छ महिनाभन्दा कम समयावधिको संस्थागत मुद्दती निक्षेप स्वीकार गर्न पाइने छैन । मुद्दती निक्षेपको समयावधि समाप्त नहुँदै पूर्व निर्धारित ब्याजदर कायम गरी ग्राहकले चाहेको बखत जहिले पनि झिक्न पाउने गरी मुद्दती निक्षेप स्वीकार गर्न पाइने छैन । संस्थागत निक्षेपको हकमा छ महिना व्यतीत हुनुअगावै कुनै पनि रकम भुक्तानी वा फिर्ता गर्न पाइने छैन । राष्ट्र बैंकले एकीकृत निर्देशनमा संशोधन गर्दै भनेको छ ।त्यस्तै, निक्षेप सङ्कलन गर्दा अन्य खाताको तुलनामा दिइने निक्षेपको ब्याजदरभन्दा विप्रेषण बचत खातामा दिइने ब्याजदर बढी हुनुपर्ने व्यवस्था पनि राष्ट्र बैंकले ल्याएको छ। वैदेशिक रोजगारीमा रहेका नेपालीको बैंकिङ प्रणालीबाट प्राप्त हुने विप्रेषण रकम बैंक तथा वित्तीय संस्थामा खोलिएको वा खोलिने विप्रेषण बचत खातामा निक्षेप राखेको न्यूनतम एक प्रतिशत बिन्दु थप गरी ब्याज दिनुपर्नेछ । संशोधित एकीकृत निर्देशनमा भनिएको छ ।रासस

# बैंक तथा वित्तीय संस्थाको कुन क्षेत्रमा कति लगानी ?

काठमाडौँ, २७ माघ
नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा प्रतिवेदन सार्वजनिक गरेको छ। प्रतिवेदनमा बैंक तथा वित्तीय संस्थाहरुले क्षेत्रगत कर्जा विस्तारमा आफ्नो लक्ष्य पूरा गरेको देखाइएको छ।
राष्ट्र बैंकले तोकेको विद्यमान व्यवस्थाअनुसार वाणिज्य बैंकहरुले २०८० असार मसान्तसम्ममा कूल कर्जा लगानीको न्यूनतम ११ प्रतिशत कृषि क्षेत्रमा, छ प्रतिशत ऊर्जा क्षेत्रमा र ११ प्रतिशत लघु घरेलु र साना तथा मझौला उद्यम क्षेत्रमा प्रवाह गर्नुपर्छ।




वाणिज्य बैंकहरुले गत पुस मसान्तमा कृषि क्षेत्रमा १३ प्रतिशत अर्थात् कूल रु पाँच खर्ब ४३ अर्ब ४७ करोड कर्जा लगानी गरेको राष्ट्र बैंकले जनाएको छ।
त्यस्तै ऊर्जा क्षेत्रमा छ दशमलव तीन प्रतिशत अर्थात् रु दुई खर्ब ६२ अर्ब ५५ करोड कर्जा लगानी भएको छ।
लघु घरेलु, साना एवम् मझौला उद्यम क्षेत्रमा नौ दशमलव पाँच प्रतिशत अर्थात् रु तीन खर्ब ९६ अर्ब ९१ करोड कर्जा लगानी रहेको छ।
विकास बैंकहरुले २०८० असार मसान्तसम्ममा कूल कर्जा लगानीको १६ प्रतिशत कर्जा कृषि, लघु घरेलु तथा साना उद्यम/व्यवसाय, ऊर्जा र पर्यटन क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था छ। गत पुस मसान्तसम्ममा ती क्षेत्रहरुमा औसत २६ दशमलव छ प्रतिशत अर्थात् रु एक खर्ब १५ अर्ब ७५ करोड बराबर कर्जा लगानी भएको छ।
त्यसैगरी वित्त कम्पनीहरुले २०८० असार मसान्तसम्म कूल कर्जा लगानीको ११ प्रतिशत कृषि, लघु, घरेलु तथा साना उद्यम/व्यवसाय, ऊर्जा र पर्यटन क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था रहेकामा गत पुस मसान्तसम्ममा ती क्षेत्रहरुमा औसत २२ दशमलव चार प्रतिशत अर्थात् रु १९ अर्ब ३३ करोड कर्जा प्रवाह भएको राष्ट्र बैंकले जनाएको छ।
बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो कूल कर्जा सापटको न्यूनतम पाँच प्रतिशत कर्जा विपन्न वर्गमा प्रवाह गर्नुपर्ने व्यवस्था रहेकामा गत पुस मसान्तसम्ममा वाणिज्य बैंकहरुले छ दशमलव सात प्रतिशत अर्थात् रु दुई खर्ब ८० अर्ब १७ करोड बराबर कर्जा प्रवाह गरेका छन्।
त्यस्तै विकास बैंकहरुले ११ दशमलव एक प्रतिशत अर्थात् रु ४८ अर्ब २३ करोड र वित्त कम्पनीहरुको सात दशमलव तीन प्रतिशत अर्थात् रु छ अर्ब २९ करोड कर्जा विपन्न वर्गमा लगानीमा गरेका छन्। रासस

# निक्षेप नौ दशमलव चार प्रतिशतले बढ्यो

काठमाडौँ, २७ माघ
चालू आर्थिक वर्ष २०७९/८० को अर्धवार्षिक अवधिसम्ममा बैंक तथा वित्तीय संस्थाको निक्षेप नौ दशमलव चार र कर्जा चार प्रतिशतले बढेको छ।
नेपाल राष्ट्र बैंकले शुक्रवार मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा प्रतिवेदन सार्वजनिक गर्दै गत पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाले परिचालन गरेको कूल निक्षेप नौ दशमलव चार प्रतिशतले वृद्धि भई रू ५२ खर्ब ९७ अर्ब ९० करोड पुगेको जनाएको छ। यही समयमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा चार प्रतिशतले वृद्धि भई रू ४७ खर्ब ५८ अर्ब ४२ करोड पुगेको छ।
राष्ट्र बैंकका अनुसार २०७८ असारदेखि निक्षेपको तुलनामा कर्जाको वार्षिक बिन्दुगत वृद्धिदर उच्च रहेकामा २०७९ असोजदेखि निक्षेपको वृद्धिदर अधिक रहँदै आएको छ । निक्षेपको तुलनामा कर्जाको वृद्धिदर न्यून रहेका कारण बाह्य क्षेत्रमा परेको चाप कम गर्न सहयोग पुगेको पनि राष्ट्र बैंकले जनाएको छ।
शोधनान्तर स्थिति बचतमा रहँदा यसले तरलता सहज भएको पनि राष्ट्र बैंकले जनाएको छ ।विसं २०७८ जेठदेखि लगातार दबाबमा रहेको शोधनान्तर स्थिति २०७९ असोजदेखि बचतमा रहन थालेको छ, शोधनान्तर स्थितिमा सुधार आउन सुरु भएसँगै मौद्रिक तरलतामा विस्तार भएको छ, मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत राष्ट्र बैंकले भनेको छ। तरलतामा सुधार आएका कारण अल्पकालीन ब्याजदर घट्न थालेका र यसको असर निक्षेप तथा कर्जाको ब्याजदरमा समेत क्रमशः प्रतिविम्बित हुँदै जाने ठानिएको छ।
कर्जाको आकार कूल गार्हस्थ्य उत्पादनकै हाराहारीमा पुगिसकेको र बैंक तथा वित्तीय संस्थाको पुँजीको आधार समेतलाई दृष्टिगत गर्दा कर्जा प्रवाह सन्तुलित रहन गई तरलता र ब्याजदरमा थप सुधार आउने अनुमान राष्ट्र बैंकको छ। तथापि आयातमा आधारित अर्थतन्त्र भएकाले सरकारी वित्त घाटा र कर्जा विस्तारसँगै आन्तरिक माग विस्तार हुँदा शोधनान्तर स्थिति पुनः दबाबमा पर्नसक्ने जोखिम रहेको छ।
रासस

# 'आरओआर' आयोजनाको एक हजार पाँच सय मेगावाटसम्म पिपिए गर्ने प्राधिकरणको निर्णय

काठमाडौँ २७ माघ
नेपाल विद्युत् प्राधिकरणले नदी प्रवाही (आरओआर) जलविद्युत् आयोजनाको एक हजार पाँच सय मेगावाटसम्मको विद्युत् खरिद गर्ने भएको छ।
उपप्रधानमन्त्री एवम् ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री राजेन्द्रप्रसाद लिङ्देनको अध्यक्षतामा बिहीबार बसेको प्राधिकरण सञ्चालक समितिको नौ सय ३०औँ बैठकले ग्रिड आबद्ध सम्झौता मितिको रोलक्रमका आधारमा आरओआर आयोजनाको एक हजार पाँच सय मेगावाटसम्मको पिपिए गर्ने निर्णय गरेको छ। ती आयोजनाको विद्युत् 'लेऊ या तिर' सिद्धान्तका आधारमा खरिद गरिनेछ । आयोजनाको विद्युत् सुक्खायाम (१६ मङ्सिर-१५ जेठ) र बर्खायाम (१६ जेठ-१५ मङ्सिर)का लागि हाल कायम रहेको दर क्रमशः रु आठ रुपैयाँ चालिस पैसा र चार रुपैयाँ असी पैसा प्रतियुनिटमा खरिद हुनेछ। प्राधिकरणको यही माघ १८ गतेसम्मको विवरणअनुसार, एक सय ३६ आयोजनासँग तीन हजार एक सय ९२ मेगावाटको कनेक्सन सम्झौता गरिएको छ। कनेक्सन सम्झौता गरिएको मितिको रोलक्रमका आधारमा विद्युत् खरिद बिक्री दरलगायत सम्पूर्ण प्रावधान यथावत् रहने गरी आरओआर आयोजनासँग थप एक हजार पाँच सय मेगावाटको पिपिए गरिनेछ । ऊर्जा मन्त्रालयले २०७५ को वैशाखमा ऊर्जा, जलस्रोत तथा सिँचाइ क्षेत्रको वर्तमान अवस्था र भावी मार्गचित्र (श्वेतपत्र) दीर्घकालीन रुपमा आन्तरिक उत्पादनबाटै विद्युत्मा आत्मनिर्भर हुने उद्देश्यले आगामी १० वर्षमा उत्पादन गरिने १५ हजार मेगावाटको लक्ष्यलाई आधार मानी विद्युत् आयोजनाहरुको उत्पादन सम्मिश्रण तय गरेको थियो। कूल १५ हजार मेगावाटमा जलाशययुक्त तथा पम्प स्टोरेजको ३० देखि ३५ प्रतिशत, पिकिङ आरओआर २५ देखि ३० प्रतिशत, आरओआर ३० देखि ३५ प्रतिशत र अन्य वैकल्पिक स्रोत पाँचदेखि १० प्रतिशतबमोजिमको अनुपात कायम गरी 'टेक अर पे' सिद्धान्तका आधारमा विद्युत् खरिद सम्झौता गर्ने व्यवस्था मिलाइने उल्लेख थियो । मन्त्रिपरिषद्को २०७९ असार २४ गतेको बैठकले उत्पादन सम्मिश्रणको अनुपातलाई पुनरावलोकन गरी जलाशययुक्तको १० प्रतिशतले घटाएर आरओआरका लागि १० प्रतिशतले बढाएको थियो । जसमा जलाशययुक्त २०-२५ प्रतिशत, पिकिङ आरओआर २५-३० प्रतिशत, आरओआर ४०-४५ प्रतिशत र अन्य वैकल्पिक स्रोत ५-१० प्रतिशत अनुपात कायम गरिएको थियो । आरओआर आयोजनाका लागि तय गरिएको साबिक ३५ प्रतिशत (पाँच हजार दुई सय ५० मेगावाट)को सीमा अनुपातमा वृद्धि गरिएको १० प्रतिशत थप गर्दा ४५ प्रतिशत अर्थात् छ हजार सात सय ५० मेगावाट पुगेको थियो। यसबाट आरओआर आयोजनका लागि एक हजार पाँच सय मेगावाटको पिपिए गर्न बाटो खुलेको हो।
प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले मन्त्रिपरिषद्को निर्णयबमोजिम तय भएको उत्पादन सम्मिश्रणबमोजिम कनेक्सन सम्झौताको रोलक्रमका आधारमा आरओआर आयोजनाका लागि तोकिएको ६ हजार सात सय ५० मेगावाटको सीमा नपुग्दासम्म पिपिए गर्ने निर्णय गरिएको बताए। बर्खायामको विद्युत् बिक्रीका लागि बजार सुनिश्चित नहुँदा प्राधिकरणलाई ठूलो वित्तीय जोखिम हुने सम्भावना रहेकाले करिब तीन वर्षअघिदेखि आरओआर जलविद्युत् आयोजनाहरुको पिपिए रोकिएको थियो, अहिले पिपिए गरिएका आयोजना निर्माण सम्पन्न हुन ५/७ वर्ष लाग्छ, त्यतिबेलासम्ममा देशभित्रै पनि विद्युत्को खपत बढ्नेछ, भारत र बङ्गलादेशसम्म विद्युत् बिक्रीका लागि बजार खुल्ने अवस्था देखिएकाले पिपिए गर्ने निर्णय लिइएको हो, कार्यकारी निर्देशक घिसिङले भने । पिपिए नभएका कारण जलविद्युत् आयोजनाहरू निर्माणमा जान नसकी आगामी ५/७ वर्षमा नयाँ आयोजनाहरुबाट विद्युत् उत्पादन ठप्प हुने अवस्था रोकिएको छ, लगानीकर्ताहरुबाट आयोजनामा गरिएको लगानी नडुब्ने परि स्थिति बनेको छ, उनले भने। प्राधिकरणले हालसम्म छ हजार तीन सय ६६ मेगावाटको पिपिए गरेको छ। त्यसमध्ये एक हजार पाँच सय ३१ मेगावाटका आयोजनाहरू निर्माण सम्पन्न भई सञ्चालनमा छन् । यस्तै, तीन हजार दुई सय ८१ मेगावाटका आयोजना वित्तीय व्यवस्थापन गरी निर्माणाधीन छन्।

पिपिएको प्रारुप तय गर्न समिति गठन

प्राधिकरण सञ्चालक समितिले स्वीकृत सीमाभन्दा बढी क्षमताका विभिन्न प्रारुपका जलविद्युत् आयोजनाको विद्युत् खरिद बिक्री सम्झौताको प्रारुप तय गर्न समिति गठन गरेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिवको संयोजकत्वमा गठित समितिमा कानुनका सहसचिव, विद्युत् विकास विभागका महानिर्देशक, प्राधिकरण योजना, अनुगमन तथा सूचना प्रविधि निर्देशनालयका उपकार्यकारी निर्देशक सदस्य र विद्युत् व्यापार विभागका निर्देशक सदस्यसचिव रहेका छन्। समितिले पिपिएको प्रारुप, नदी तथा खोलामा उपलब्ध हुने पानीको बहावका आधारमा आयोजनाको डिजाइन क्राइटेरिया परिवर्तनलगायतका विषयको अध्ययन गरी प्रतिवेदन पेस गर्नेछ। ग्रिड कनेक्सन सम्झौता भएका आयोजनाहरुसहित प्राधिकरणमा पिपिएका लागि ११ हजार मेगावाटका विभिन्न आयोजनाले दरखास्त दिएका छन् ।रासस



# समृद्धि र विकासको आकांक्षा पूरा गर्न तीनै तहका सरकार प्रतिबद्ध भएर लाग्ने राष्ट्रपतिको विश्वास (पूर्णपाठ)

राष्ट्रपति भण्डारीले सङ्घीय संसद्को दुवै सदनमा गर्नुभएको सम्बोधनको पूर्णपाठ यसप्रकार छः नेपालको संविधानको धारा ९५ को उपधारा (२) बमोजिम सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधन

प्रतिनिधि सभाका सम्माननीय सभामुख,
राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष,
माननीय सदस्यहरू ।

१) भरखरै सम्पन्न प्रतिनिधि सभाको निर्वाचनपछिको सङ्घीय संसद्को संयुक्त सदनको पहिलो बैठकमा सम्बोधन गर्न पाएकोमा गौरवान्वित छु। सर्वप्रथम प्रतिनिधिसभा र प्रदेशसभामा विजयी हुनुहुने सम्पूर्ण माननीय सदस्यहरूलाई हार्दिक बधाई दिँदै नेपाली र नेपालीको विकासका लागि यहाँहरूको कार्यकाल सफल होस् भन्ने शुभकामना व्यक्त गर्दछु । सङ्घ तथा प्रदेश सरकारहरूले आफ्नो समग्र ध्यान नेपाल र नेपालीको हितका लागि केन्द्रित गरी जनतका आशा र भरोसालाई किञ्चित पनि कुण्ठित हुन नदिने गरी कार्यसम्पादन गर्नेछन् भन्ने विश्वास गर्दछु ।

२) प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन शान्तिपूर्ण र निष्पक्ष रूपमा सम्पन्न गर्न आआफ्नो तर्फबाट भूमिका खेल्ने तत्कालीन सरकार, निर्वाचन आयोग, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, राजनीतिक दल तथा सम्पूर्ण मतदाताहरूलाई हार्दिक धन्यवाद दिन्छु।

३) नेपालको संविधान कार्यान्वयनको सात वर्षको अभ्यास र अनुभव हाम्रा लागि महत्वपूर्ण छन् । संविधानअनुसार तीनै तहमा दोस्रो कार्यकालको निर्वाचन सम्पन्न भएको छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रका आधारस्तम्भहरू संस्थागत भएका छन् । संविधान कार्यान्वयन, सङ्घीय शासनव्यवस्था सञ्चालन र लोकतन्त्रको व्यावहरिक सुदृढीकरणका लागि हामीले अवलम्बन गरेका नीति, निर्माण गरिएका कानुन र प्रक्रियागत सुधारका कारण राजनीतिक स्थायित्व कायम भएको छ।

प्रतिनिधि सभाका सम्माननीय सभामुख,
राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष,

४) सङ्घीय संसद्को दुवै सदनको यो संयुक्त बैठकमा नेपालको राष्ट्रपतिको हैसियतले मेरो यो सम्बोधन सम्भवतः अन्तिम हुनेछ । अघिल्लो संसद्देखि यो संसद्सम्म राष्ट्रपतिको रूपमा कार्यसम्पादन गर्न मलाई सहयोग पुऱ्याउनुभएकोमा म तत्तत् समयका सरकार तथा संसद् माननीय सदस्यहरूप्रति हार्दिक आभार प्रकट गर्दछु।

५) करिब सात वर्ष लामो मेरो कार्यकालमा मैले हासिल गरेको अनुभवसमेतका आधारमा देश र जनताका लागि सङ्घीय संसद् र सरकारले गर्नुपर्ने केही विषयहरू राख्न चाहन्छु। देशको राजनीतिले एउटा लय र गति समातिसकेकोले अब हाम्रो ध्यान विकास, समृद्धि र नागरिकलाई सुखी बनाउनेतर्फ केन्द्रित हुनुपर्दछ भन्ने मैले ठानेको छु। निश्चय पनि यसबीचमा देशको आर्थिक-सामाजिक क्षेत्रमा धेरै नै प्रगति भएका छन् । विकास निर्माणले गति लिएको छ। तर यो गति पर्याप्त छ त ? हामीले हरेक नागरिकको विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न गरेको प्रयासले सार्थकता पाएको छ त ? यी प्रश्नहरूको जवाफलाई केन्द्रमा राखेर अबका हाम्रा कामकारबाही अगाडि बढ्नुपर्दछ।

६) देशको आर्थिक अवस्था जटिल मोडमा रहेको विषयप्रति सबै जानकार र चिन्तित छौँ । अर्थतन्त्रमा देखिएका तत्कालीन, अल्पकालीन र दीर्घकालीन समस्याको समाधान नखोजी गरिने कुनै पनि क्रियाकलाप सफल हुँदैनन् । अर्थतन्त्रका सूचकहरूमा पछिल्लो समय केही सकारात्मक सङ्केत देखापरेको भए तापनि यसको दिगोपनामा आश्वस्त भइहाल्ने अवस्था देखिएको छैन। केही समयदेखि बजारमा देखिएको मौद्रिक तरलताको समस्या, लगानीका लागि यथेष्ट स्रोत उपलब्ध हुन नसकेको र बाह्य कारणसमेतले गर्दा उत्पादन क्षेत्र कमजोर बन्दै गइरहेको छ । कमजोर आर्थिक वृद्धिदर, बढ्दो दरको मुद्रास्फीति र विकराल बन्दै गएको अन्तर्राष्ट्रिय व्यापार घाटाको स्थितिलाई सम्बोधन गर्ने प्रमुख पक्ष उत्पादन क्षेत्र यसरी कमजोर भएकोप्रति हामी सबै गम्भीर बन्नुपर्दछ।

७) विश्वव्यापीकरणको यो युगमा आर्थिक विकासका लागि हाम्रो आफ्नै मात्र प्रयास पर्याप्त हुँदैन, न त अर्थतन्त्रको समस्या मुलुकभित्रको कारणले मात्र देखापर्दछ । दुई वर्षभन्दा लामो समयदेखिको कोभिड-१९ महामारी र एक वर्षदेखिको रुस-युक्रेन युद्धका कारण विश्व अर्थतन्त्रमा परेको प्रभावबाट स्वाभाविक रूपमा नेपाल मात्र अछुतो रहेको छैन । हाम्रो अर्थतन्त्रको कतिपय समस्या यी कारणबाट पनि सिर्जित भएका हुन् । तथापि यसैलाई मात्र कारण देखाएर अकर्मण्य बन्ने सुविधा हामीलाई छैन।

अर्थतन्त्र सुधार

८) यस सम्मानित सदनमा म अर्थतन्त्रका सबै तथ्याङ्क प्रस्तुत गर्न गइरहेको छैन । तथ्याङ्कमा प्रस्तुत गरिने आर्थिक वृद्धि आमनागरिकको आर्थिक-सामाजिक जीवनमा कसरी प्रतिबिम्बित भएको छ, नहेरी गरिने विश्लेषण एकाङ्गी हुन्छ। सरकारले निश्चय पनि यी तथ्याङ्कको गहन विश्लेषण गरेर आफ्नो नीति तथा कार्यक्रम तयार गर्नेछ भन्ने मेरो विश्वास छ । अर्थतन्त्रमा प्रभाव पार्ने आन्तरिक र बाह्य प्रभावको समग्र अध्ययन गरेर सरकारको वित्त नीतिमा संरचनागत परिमार्जन गर्नुपर्ने आवश्यकता देखिएको छ । औपचारिक अर्थतन्त्रलाई बढावा दिन र संस्थागत गर्नेतर्फ वित्त नीति निर्देशित हुनुपर्ने जरूरी देखिएको छ। सरकारले आगामी दिनमा राजस्वको क्षेत्र र दायरा विस्तार गरी सबै प्रकारका आर्थिक क्रियाकलापलाई औपचारिक माध्यममा आबद्ध गर्न प्रोत्साहित गर्नेछ भन्ने मैले अपेक्षा गरेकी छु।

९) वित्त नीति र मौद्रिक नीतिबीचको सामञ्जस्यता मात्र होइन, यी दुईले एक अर्काको परिपूरकको रूपमा काम गर्नुपर्ने हुन्छ। दुवै नीतिको कार्यान्वयनबाट आर्थिक क्रियाकलाप चलायमान बन्ने हो, यसमा उपयुक्त सामञ्जस्यता खोज्नुपर्दछ। विगत केही समयदेखि बजारमा देखिएको मौद्रिक तरलता सङ्कुचनका कारण बैङ्क तथा वित्तीय संस्थाको ब्याजदर बढेको छ, जुन सङ्कट हल गर्न तत्काल कदम चालिहाल्नु आवश्यक देखिएको छ। तरलता अभावको स्थितिमा ब्याजदर बढ्न गई उत्पादन लागत बढ्नु स्वाभाविक हो । यसबाट उद्योगी व्यापारी मात्र होइन आम उपभोक्ता समेत मारमा पर्दछन् । पछिल्ला दिनमा निजी क्षेत्रमा देखिएको निराशा यसैको उपज हो । यस समस्याको समाधानका लागि तत्काल गहन अध्ययन गरी निकास निकाल्नुपर्दछ।

१०) कोभिड-१९ र रुस-युक्रेन युद्ध समेतका कारण विश्वभर नै खर्च र स्रोत व्यवस्थापनमा चाप परेको छ। हामीकहाँ विगत केही वर्षदेखि विनियोजित बजेट पूर्ण रूपमा खर्च भइरहेको छैन। त्यसमा पनि पूँजीगत खर्च विनियोजनको तुलनामा ८० प्रतिशत वा सोभन्दा कम मात्र भएको छ। गत आर्थिक वर्षमा त पूँजीगत खर्च ६० प्रतिशत पनि नाघ्न सकेन । एकातिर पूँजी निर्माणका लागि बजेट नै कम विनियोजन हुने र अर्कातिर भएको पूँजीगत बजेट पनि कम मात्र खर्च हुँदा पूँजी निर्माण कमजोर हुने मात्र नभई यसबाट विस्तार हुने अन्य आर्थिक क्रियाकलापमा सुस्तपना आई सरकारी राजस्व समेत घटिरहेको अवस्था छ। अघिल्लो वर्षभन्दा पछिल्लो वर्ष कम राजस्व सङ्कलन हुनु निश्चय नै सुखद् सङ्केत होइन । राजस्वले लक्ष्य नभेट्नु र वैदेशिक सहायताको परिचालन पनि न्यून हुनुले खर्च धान्न स्वाभाविक रूपमा आन्तरिक ऋणमा चाप पर्दछ, तर बजारमा मौद्रिक तरलता सङ्कुचन भएका कारण सरकारले लिने आन्तरिक ऋणको लागत बढ्न गई आगामी दिनमा यसैका लागि थप बजेट विनियोजन गर्नुपर्ने अवस्था पनि आउनसक्नेतर्फ सचेत भई सरकारले उपयुक्त कदम चाल्नेछ भन्नेमा म विश्वस्त छु।

११) अर्थतन्त्रमा बाह्य क्षेत्रको चाप अझै पनि प्रष्ट देख्न सकिन्छ । केही सूचकहरू सकारात्मक हुँदै गएता पनि ढुक्क भइहाल्ने स्थिति छैन । विशेषगरी बढ्दो व्यापार घाटा कम गर्न निजी क्षेत्रसँग समेत सहकार्य गरी निर्यात वृद्धिका उपाय खोज्नुपर्ने देख्दछु । हाम्रो अर्थतन्त्रको संरचना नै आयातमुखी भएकाले यसमा परिवर्तन नगरी व्यापार घाटा तत्कालै घटाउन कठिन हुन्छ। तसर्थ निर्यात प्रवर्द्धनका लागि हालसम्म भएका गरिएका कार्यहरूबाट प्राप्त उपलब्धिको गम्भीर समीक्षा गरी उत्पादन परिमाण र लागत, लगानी, उपभोग र गुणस्तरलाई एकीकृत रूपमा समेट्ने गरी व्यापार सन्तुलन कायम गर्नेतर्फ सरकारका नीति तथा कार्यक्रम परिलक्षित हुनुपर्नेछ।

उत्पादन वृद्धि

१२) अर्थतन्त्र सुधार्न आन्तरिक उत्पादनको क्षेत्र सबल बन्नुपर्दछ भन्ने मेरो मान्यता हो । त्यसैले सरकारले छिटोभन्दा छिटो उत्पादन वृद्धिका लागि समन्वयात्मक कार्यक्रम कार्यान्वयन गर्नेछ भन्ने मेरो अपेक्षा छ। उत्पादन क्षेत्रलाई सबल बनाउनका लागि मलाई लागेका केही कुरा राख्न चाहन्छु । कृषि अझै पनि हाम्रो तुलनात्मक र प्रतिस्पर्धी लाभको क्षेत्र हो । कृषि क्षेत्रको कार्यक्रमलाई पुनःसंरचना गर्नुपर्ने आवश्यकता रहेको छ। हाल विभिन्न शीर्षकमा दिइने अनुदानलाई एकत्रित गरी उत्पादनको परिमाणका आधारमा उपलब्ध गराउँदा उत्पादन वृद्धिका लागि उत्प्रेरणा मिल्दछ।

१३) रासायनिक मलको नियमित आपूर्तिका लागि मल उत्पादक राष्ट्रसँग सोझै वार्ता गरी कम्तीमा ३ देखि ५ वर्षसम्म एकमुष्ट सम्झौता गर्न सकिएमा आपूर्ति दिगो हुने अवस्था रहन्छ । यसका साथै मूल्य र गुणस्तरलाई नियमनको दायरामा ल्याई मल आपूर्तिमा निजी क्षेत्रलाई सहभागी गराउने विकल्प पनि प्रयोगमा ल्याउनुपर्दछ। नेपालमै आगामी ५ वर्षभित्र गुणस्तरीय रासायनिक मल उत्पादन गर्ने कारखाना सञ्चालन गर्ने गरी समयबद्ध शुरुवात गर्नुपर्ने देख्दछु । मल कारखाना स्थापना गर्ने कार्यक्रम सधैँ बनाइरहने तर यसले सार्थकता भने कहिल्यै नपाउने स्थितिको तत्काल अन्त्य गर्नुपर्दछ। कृषि कार्यमा प्रयोग हुने रासायनिक मल तथा विषादीले कृषियोग्य माटोमा अम्लीयपना वृद्धि गरी उत्पादकत्व कम हुँदै गएको तथ्यलाई मनन गरी माटोको स्वास्थ्य सुदृढ गर्न प्राङ्गारिक र गैर प्राङ्गारिक मलको उचित सम्मिश्रण कायम गर्न प्रोत्साहित गर्नुपर्नेछ।

१४) कृषि उत्पादनका साधनको व्यवस्थापन गर्न धेरै निकाय संलग्न हुने हुँदा उत्पादनलाई केन्द्रमा राखेर मल, बीऊ, कृषि प्रसार सेवा, सिँचाइ, पूँजी, भूमिको समन्वयात्मक कार्यक्रम सञ्चालन गर्न अब पनि ढिलो गर्नुहुँदैन । हाम्रो ध्यान बालीको प्रकृतिका आधारमा उत्पादनको क्षेत्र तोकी परिमाण वृद्धि गर्नेतर्फ केन्द्रित हुनुपर्दछ। 'एक गाउँ, एक उत्पादन' वा 'एक पालिका, एक उत्पादन' जस्ता कार्यक्रमहरूलाई पुनःसंरचना वा पुनःपरिभाषित गरी उस्तै वस्तु उत्पादन हुने १० पालिकामा एकै किसिमको उत्पादन गर्न सकिएमा उत्पादन वृद्धि मात्र होइन, साधनको सहज आपूर्ति र उत्पादनको बजारीकरण समेत सहज हुन जान्छ। यसबाट आन्तरिक वितरण प्रणालीलाई सुदृढ गरी मूल्य शृङ्खला कायम गर्न र किसानलाई आफ्नो उत्पादनको उचित मूल्य समयमै प्राप्त गर्न सहयोग पुग्ने मेरो धारणा छ।

१५) अबको २ वर्ष वा ५ वर्षमा निश्चित खाद्यवस्तुमा आत्मनिर्भर भई बचत हुन जाने उत्पादन निर्यात समेत गर्न सक्षम हुने गरी कृषिका कार्यक्रम कार्यान्वयन गर्नु आवश्यक देखिएको छ । यसका साथै स्वदेशी उत्पादनको प्रयोग गर्न, कच्चा खाद्यवस्तुमा मूल्य अभिवृद्धि गर्ने खाद्य प्रशोधन उद्योग स्थापना गर्न र कृषिवस्तुको भण्डारण क्षमता बढाउन प्रोत्साहित गर्ने कार्यक्रम अविलम्ब सञ्चालन गर्नुपर्ने देखिएको छ । सार्वजनिक गोदाम र शीत भण्डारको निर्माण र सञ्चालनमा निजी क्षेत्रको सहभागिता बढाउनुका साथै ठूलो मात्रामा खाद्यान्न खपत गर्ने सुरक्षा निकायहरू, विद्यालय तथा अस्पतालहरूलाई समेत खाद्यान्न भण्डारणका लागि उपयोग गर्न सकिने सम्भावनाको खोजी गर्नु उपयुक्त हुने देख्दछु।

१६) नेपालको धेरै स्थानमा हाल पनि निर्वाहमुखी कृषिकै प्रधानता रहेको र कृषिमा काम गर्ने उमेर समूहका नागरिक रोजगारीका लागि विदेशिने गरेकाले कृषियोग्य भूमि बाँझै रहने समस्या पनि देखिएको छ । यसलाई निराकरण गर्न सामूहिक खेती वा करार खेतीको अवधारणा व्यवहारमा लागू गर्न धेरै ढिलो भइसक्यो भन्ने मेरो बुझाइ हो । यसबाट एकातिर कृषि जमीनको सही उपयोग हुने र अर्कातिर कृषि श्रमिकको आपूर्ति समेत सहज हुनजान्छ।

१७) कृषि उत्पादनमा प्रविधिको उपयोग र सोअनुरूपको सीप विकास नगरिकन हामी निर्वाहमुखी कृषिबाट माथि उठ्न सक्दैनौँ। वैदेशिक रोजगारीमा गएका नेपालीहरूले प्राप्त गरेको ज्ञान, सीप र अनुभवलाई प्रोत्साहन, उत्पादनका साधन र लगानीको स्रोतमा पहुँच वृद्धि र प्रविधिमा सरकारले सहयोग गरी कृषिमा पूर्णकालीन रोजगारी सिर्जना गर्न तत्कालै कार्यक्रम सञ्चालन गर्नुपर्दछ, अन्यथा जनशक्तिको अभावमा केही वर्षपछि हाम्रो कृषियोग्य भूमि बाँझै रहने अवस्था आउनसक्नेतर्फ हामी सबै सचेत हुनुपर्दछ।

१८) उद्योग क्षेत्रको विकासका लागि हामीले प्रयास गर्दै आएता पनि यसमा अपेक्षित सुधार भएको छैन। उद्योग क्षेत्रको विकासका लागि आवश्यक आधार भूत पूर्वाधारको व्यवस्था सरकारले नै गर्नुपर्दछ । सरकारले नै आफैं उद्योगधन्दा सञ्चालन गरी उत्पादन गर्ने विधि हालको परिस्थितिमा सम्भव हुँदैन । त्यसैले लगानीको वातावरण तयार गरी लगानी सुरक्षा गरिदिने र उत्पादनस्थलसम्म आवश्यक पूर्वाधार निर्माण गर्ने कार्यमा सरकारले ध्यान दिने नै छ। कम्पनी दर्ता र बन्द गर्ने प्रक्रियामा सहजीकरण, अन्तर निकाय समन्वयको भरपर्दो व्यवस्था, लगानी स्वीकृति र लगानी फिर्ताको सहजता एवम् औद्योगिक कच्चापदार्थको आयात वा उपलब्धतालाई विशेष रूपले सम्बोधन गर्नुपर्दछ । पूँजीको उपलब्धता, राजस्वको पुनःसंरचना, सार्वजनिक संस्थानको व्यवस्थापन विधिमा परिवर्तन, स्वदेशी उत्पादनको उपभोग वृद्धि र निजी क्षेत्रमैत्री नीति तथा कार्यक्रम कार्यान्वयन औद्योगिक उत्पादन वृद्धि गर्ने माध्यम हुनसक्दछन्।

१९) आम गरिबी न्यून गर्न उद्योग क्षेत्रको रोजगारीले सबैभन्दा बढी भूमिका निर्वाह गर्दछ। लुप्त बेरोजगारी समेतका कारणले कृषि क्षेत्रको रोजगारी सीमित हुने र सेवा क्षेत्रको रोजगारीमा गैरगरिबी क्षेत्रको हिस्सा बढी हुने भएकाले उद्योग क्षेत्रको रोजगारीलाई प्राथमिकतामा राख्नुपर्दछ । उद्योगको विकास भएपछि त्यसले सिर्जना गर्ने रोजगारी, अग्र र पृष्ठसम्बन्ध भएका क्षेत्रको विकास र सोबाट पर्ने सकारात्मक प्रभावलाई आँकलन गरी वृहत्तर सोचका साथ अघि बढ्नु उपयुक्त हुन्छ भन्ने मलाई लाग्दछ। स्वदेशी वस्तुको उत्पादन र उपभोग बढाउन निजी क्षेत्रबाट अघि सारिएका 'मेक इन नेपाल' र 'मेड इन नेपाल' जस्ता कार्यक्रमहरूलाई सरकारले पनि अपनत्व प्रदान गरी सहकार्य गर्नु आवश्यक छ । औद्योगिक क्षेत्रका लागि सबैभन्दा ठूलो स्वदेशी कच्चापदार्थको रूपमा रहेको विद्युत्को सुलभ उपलब्धता सुनिश्चित गर्न सकेमा मात्र पनि औद्योगिक उत्पादनको लागतमा कमी आई हाम्रो उत्पादन प्रतिस्पर्धी बन्न सक्नेछ भन्ने मेरो धारणा छ।

२०) औद्योगिक उत्पादनमा नयाँ क्षेत्रको खोजी गर्नुपर्ने आवश्यकता मैले देखेको छु। हाम्रो औद्योगिक वस्तु अझै पनि परम्परागत नै छ। विशेषतः सूचना प्रविधिको क्षेत्रमा भएको विकासलाई ध्यान दिई अन्य क्षेत्रका उद्योगको सम्भावना खोजी गरिहाल्नुपर्दछ । अन्य मुलुकमा विस्थापित हुने उद्योगहरूलाई आकर्षित गर्न गुणस्तर र मूल्य प्रतिस्पर्धी वातावरण सिर्जना, लगानी सहजीकरण, लगानी फिर्ताको सुनिश्चितता र लगानी सुरक्षाको प्रत्याभूति दिन सकिएमा त्यस्ता उद्योगहरू आकर्षित हुन सक्दछन्। औद्योगिक उत्पादनसँग अन्तरसम्बन्धित नीतिहरूको सामञ्जस्यपूर्ण कार्यान्वयन गर्नु आवश्यक हुन्छ। औद्योगिक नीतिले राखेका सोचलाई कार्यरूपमा बदल्न वित्त नीति, मौद्रिक नीति तथा विदेशी लगानीसम्बन्धी नीतिको समन्वयात्मक उपयोग गर्नुपर्दछ। विदेशी लगानी आकर्षित गर्न निश्चित रकमसम्मको लगानीका लागि उद्योग, वाणिज्य र कम्पनी प्रशासनमा स्वचालित रुट प्रणालीको शुरुवात गरिहाल्नुपर्दछ।

२१) विगत केही वर्षदेखि नेपालको कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान सबैभन्दा बढी रहेकाले यो क्षेत्रको विकासमा थप जोड दिनुपर्दछ। सेवा क्षेत्रको सबैभन्दा महत्वपूर्ण र भरपर्दो क्षेत्र भएकाले पर्यटन क्षेत्रमा विशेष ध्यान दिनुपर्दछ। सम्पूर्ण नेपाल नै आकर्षक पर्यटकीय गन्तव्य भनेर हामीले दाबी गरिरहँदा किन अन्तर ष्ट्रिय पर्यटकको सङ्ख्या र बसाइ अवधिमा वृद्धि हुन सकेन, सोको गहन विश्लेषण गर्नु आवश्यक देख्दछु। अन्य मुलुकभन्दा नेपाल किन आकर्षक छ, सेवाको शैली र गुणस्तर कसरी भिन्न छ, हाम्रा पर्यटकीय वस्तुमा के विशिष्टता छ जुन अन्य मुलुकका पर्यटकीय वस्तुको तुलनामा आकर्षक छ भन्ने कुराको समीक्षा गरेर पर्यटन क्षेत्रका कार्यक्रम कार्यान्वयन गर्नु उपयुक्त देख्दछु।

२२) पर्यटन क्षेत्रमा सरकारले गर्ने भनेको तीन कुरा हुन्छन्– (१) पर्यटकीय वस्तुको विकास, पर्यटनस्थलको पूर्वाधार निर्माण, सेवाको उपलब्धताका लागि सहजीकरण, सेवा र पूर्वाधारको गुणस्तर र नियमन, (२) राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा बजारीकरण, र (३) सहज पहुँचको व्यवस्था । यीबाहेकका कामहरू निजी क्षेत्रलाई नै छाडिदिनुपर्दछ । नेपालको प्राकृतिक र साँस्कृतिक सम्पदाको व्यापक प्रचारप्रसार गरी त्यहाँसम्मको पहुँच सुदृढ गर्दै साहसिक पर्यटनको विकास गर्न निजी क्षेत्रलाई प्रोत्साहन र सहकार्य गर्नुपर्दछ।

२३) पर्यटन क्षेत्रको महत्वपूर्ण पक्ष हवाई यातायात हो । भैरहवा र पोखरामा क्षेत्रीयस्तरको अन्तर ष्ट्रिय विमानस्थल सञ्चालनमा आउनु पर्यटकीय क्षेत्रका लागि महत्वपूर्ण सन्देश हो । यी विमानस्थलको दिगो सञ्चालनका लागि वैकल्पिक हवाई रुटको उपलब्धताका सम्बन्धमा तत्कालै पहल गर्नुपर्दछ । आन्तरिक र अन्तर्राष्ट्रिय हवाई यातायातमा अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको मापदण्डअनुरूप हवाई सुरक्षा सुनिश्चित गर्दै सबै स्थानबाट विमानस्थलसम्म यातायात पूर्वाधार निर्माणमा ध्यान दिनुपर्नेछ।

रोजगारी

२४) प्रत्येक वर्ष श्रम बजारमा प्रवेश गर्ने जनशक्तिलाई देशभित्रै रोजगारीको व्यवस्था मिलाउन सार्वजनिक र निजी क्षेत्रले सहकार्य गर्नु आवश्यक छ। दक्ष जनशक्ति उत्पादन गर्न लगानी हामीले व्यहोर्नुपर्ने र सोको लाभ अन्य मुलुकले प्राप्त गर्ने स्थितिको अन्त्य गर्न आर्थिक, सामाजिक र पूर्वाधारका क्षेत्रमा लगानी बढाउनुपर्ने आवश्यकता एकातिर छ भने दक्ष जनशक्ति उत्पादनकै लागि पनि लगानी बढाउनुपर्दछ।

२५) आजका युवा नयाँ कुरा गर्न चाहन्छन्, नयाँ कुरा सिक्न चाहन्छन् । परम्परागत श्रमका क्षेत्रले मात्र श्रमबजारमा आउने जनशक्तिको अपेक्षा पूरा गर्न सक्दैन । तसर्थ रोजगारीका नयाँ अवसरको खोजी गर्ने र बजारको मागअनुरूपको जनशक्ति उत्पादन गर्न सक्षम हुने गरी शैक्षिक प्रणालीमा सुधार गर्ने तथा सीप परीक्षण कार्यलाई एकीकृत ढङ्गबाट अघि बढाउनुपर्दछ । रोजगारीका लागि भिन्न भिन्न स्वरूप र विधिमा भिन्न सरकारी निकायबाट सञ्चालित कार्यक्रमहरूलाई एकत्रित गरिहाल्नुपर्ने देख्दछु । यसैगरी श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्न र श्रमको उचित प्रतिफल उपलब्ध गराउन सरोकारवाला निकायहरूबीच समन्वय र सहकार्य हुनुपर्दछ । देशमा काम गरेर केही हुँदैन भन्ने धारणामा पूर्ण परिवर्तन ल्याउन ढिला गर्नुहुँदैन, निराश जनशक्तिबाट कुनै पनि मुलुक उँभो लागेको उदाहरण भेटिँदैन । हाल युवा तथा शिक्षित बेरोजगार हरूमा देखिएको चरम निराशाको अवस्थालाई तोड्न सरकारले ध्यान केन्द्रित गर्नुपर्दछ।

सार्वजनिक सेवा प्रवाह

२६) सुशासनको प्रत्याभूत गर्न र आम नागरिकमा राज्यको अनुभूति दिलाउन सार्वजनिक सेवा प्रवाह चुस्त दुरुस्त हुनुपर्दछ। सरकारी संयन्त्रको सेवाप्रवाहमा हुने ढिलासुस्ती र अनियमितता हटाउन नसकिएमा हामीले मुलुकमा सुशासन छ भनेर दाबी गर्नु निरर्थक हुन्छ। त्यसैले नागरिकले घरदैलोमै सरकार छ भन्ने अनुभूत गर्नसक्ने गरी सेवाप्रवाहको व्यवस्था मिलाउनुपर्दछ । सूचना प्रविधिको आजको युगमा नागरिकले घरैमा वा नजिकको वडा कार्यालयबाट सेवा लिनसक्ने गरी प्रणालीहरूबीच अन्तर-आबद्धता कायम गर्नु आवश्यक छ । धेरै सरकारी सेवा सूचना प्रविधिको माध्यमबाट उपलब्ध गराउने भनिएता पनि कतिपय सेवाका लागि झन् लामो लाइन बस्नुपर्ने बाध्यता देखिएको छ । यो स्थिति तत्कालै अन्त्य हुनुपर्दछ। एकै प्रकारको कागजात भिन्न भिन्न सरकारी निकायमा प्रस्तुत गर्नुपर्ने बाध्यतालाई तत्काल हटाउन हाल सञ्चालनमा रहेका प्रणालीहरूले एक अर्कासँग सजिलै सञ्चार गर्नसक्ने व्यवस्था मिलाउनेतर्फ सरकारले यथोचित ध्यान दिने नै छ। नागरिक एपजस्ता प्रणालीहरूको उच्चतम प्रयोग गरी यसलाई भुक्तानी प्रणालीसँग आबद्ध गर्ने व्यवस्था मिलाउन सकिएमा धेरै प्रकारका सेवाहरूको सहज उपलब्धता हुन सक्दछ।

२७) सरकारी निकायमा भएका प्रणालीमा सरोकारवालाको सहज पहुँच सुनिश्चित गर्ने र प्रणालीको सुरक्षित प्रयोग गर्ने व्यवस्था तत्कालै मिलाउनु आवश्यक छ । यसका साथै सूचना प्रविधिमा आधारित प्रणाली निर्माण र सञ्चालनका लागि सोहीअनुरूपको पूर्वाधार र जनशक्तिको व्यवस्थामा यथोचित ध्यान दिनुपर्दछ। विदेशीले आएर हाम्रो प्रणाली बनाइदिने र त्यसको सञ्चालन र समस्या समाधानमा हामीसँग जनशक्ति नहुने अवस्थाको अन्त्य गर्नुपर्दछ । तीनै तहका सरकारहरूले यसमा सामञ्जस्यपूर्वक काम गर्नेछन् भन्ने मेरो विश्वास छ।

२८) सूचना प्रविधिबाट उपलब्ध नहुने वा नागरिकले सोअनुसार सेवा प्राप्त गर्न सक्षम नहुने सेवाहरूका लागि सेवाप्रदायक संस्थाहरूले न्यूनतम समय तोकी तोकिएकै समयमा सेवा दिने पद्धतिको विकास गर्नुपर्दछ । सङ्घीय सरकारको अगुवाइमा प्रदेश र स्थानीय तहले यस्ता सेवाको सहज पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाउनेछन् । नेपालको संविधानको भावनाअनुरूप बढीभन्दा बढी सेवा स्थानीय तहबाट उपलब्ध गराउने र प्रदेश तथा सङ्घीय सरकार विकास निर्माण र नीति निर्माणमा लाग्नु श्रेयष्कर हुन्छ । सरकारले बजेट विनियोजन समेत सोही अनुसार गर्ने गराउने नै छ।

२९) प्रत्येक नागरिकले भयरहित वातावरणमा आफ्ना दैनिक क्रियाकलाप सञ्चालन गर्नसक्ने गरी शान्ति सुव्यवस्थाको प्रबन्ध मिलाउनु सरकारको प्रमुख कर्तव्य भएकोप्रति सरकार सचेत छ । घटना घटिसकेपछि क्रियाशील हुनुभन्दा घटना घट्नै नदिने व्यवस्था गरी नागरिकलाई आश्वस्त तुल्याउनु आवश्यक छ । सूचना प्रविधिको पहुँचमा विस्तार भएसँगै यसको दुरुपयोग गरी विभिन्न खालका अपराधका घटना घट्नसक्नेतर्फ सचेत रही आमनागरिकमासोअनुसारकोसचेतना जगाउन सरकारले ध्यान दिने नै छ ।

शिक्षा र स्वास्थ्य

३०) सूचना प्रविधिको अधिकतम प्रयोग गरी शिक्षा र स्वास्थ्यको गुणस्तर सुधार र पहुँच वृद्धिमा ध्यान दिन सकिएमा पनि एकातिर सेवा क्षेत्रको विकासमा सहयोग पुग्दछ भने अर्कातिर यसै प्रयोजनका लागि वर्षेनी बाहिरिने विदेशी मुद्राको परिमाणमा समेत कमी आउँदछ। विश्वमा द्रूतगतिमा विकास भइरहेको सूचना प्रविधिको सुलभ र सहज पहुँच, सुरक्षित प्रयोग र गुणस्तर सुधार गरी कृषि, उद्योग र सेवाका अन्य क्षेत्रमा व्यापक परिवर्तन ल्याउन सकिने विषयमा हामी चनाखो भई तत्काल त्यसतर्फ कदम चाल्नुपर्ने देख्दछु।

३१) शिक्षा सबै क्षेत्रको सशक्तीकरणको पहिलो आधारस्तम्भ हो। देशको मुहार फेर्न शिक्षित र स्वस्थ जनशक्ति चाहिन्छ । तसर्थ हाम्रो प्राथमिकतामा मानव विकासको लगानी पर्नुपर्दछ । एक्काइसौं शताब्दीको करिब एक चौथाइ समाप्त भइसक्दा पनि देशका कतिपय स्थानीय तहको साक्षरता दर ५० प्रतिशत नपुग्नु निश्चय नै सोचनीय विषय हो । साक्षरता प्रवर्द्धनका लागि स्थानीय तहलाई आवश्यक स्रोत र साधन उपलब्ध गराउने र औपचारिक शिक्षाको गुणस्तर बढाउन सरकार लागिपर्नेछ।

३२) हाम्रो शिक्षा प्रणालीमा गुणस्तर सुधार र जीवनोपयोगी पठनपाठनको विकास गरिहाल्नुपर्ने देखिएको छ। शिक्षा क्षेत्रको काम गर्ने सोच, शैली र कार्यरत जनशक्तिको दक्षता तथा क्षमतामा व्यापक सुधार गर्नुपर्दछ । शिक्षा क्षेत्रलाई राजनीतिमुक्त नबनाई यसमा आशातीत सफलता हासिल गर्न सकिदैँन । शिक्षकले अध्यापन नगरी राजनीति गर्ने, विद्यार्थीले राजनीतिक दलको भातृ संगठनको रूपमा काम गर्ने अनि शिक्षण संस्थाका पदाधिकारीले राजनीतिक आग्रह पूर्वाग्रहमा शैक्षिक कार्यक्रम चलाउने स्थितिको अन्त्य गर्नु अपरिहार्य देखिएको छ। शिक्षक र पदाधिकारीलाई कामप्रतिको जिम्मेवारी महसूस गराई शैक्षिक स्तरप्रति जवाफदेही बनाउनु आवश्यक छ।

३३) विद्यालय शिक्षामा बृहत् सुधार गर्दै विश्वविद्यालयहरूलाई 'एक्सलेन्स सेन्टर'का रूपमा विकास गर्दै लैजानुपर्दछ । सार्वजनिक र निजी क्षेत्रको सहकार्यमा विश्वविद्यालयका उत्पादनलाई रोजगारीसँग जोड्ने गरी शिक्षा प्रणालीमा सुधार गर्नु आवश्यक देखिएको छ। शिक्षण प्रतिष्ठानहरूलाई पठनपाठनका साथै अनुसन्धानमा प्रेरित गर्नुपर्दछ । सरकारी तवरबाट हुने अध्ययन अनुसन्धानमा नेपालकै विश्वविद्यालय तथा उत्कृष्ट शैक्षिक प्रतिष्ठानहरूलाई सहभागी गराउने पद्धतिको थालनी गर्नुपर्दछ ।

३४) सामान्य औषधि र न्यूनतम उपचारको अभावमा अकालमा ज्यान जाने अवस्था आउन दिनुहुँदैन। हरेक नागरिकले देशभित्रै विशिष्ट स्वास्थ्य सेवा प्राप्त गर्ने गरी स्वास्थ्य क्षेत्रका कार्यक्रम कार्यान्वयन गर्न सरकारको ध्यान अवश्य जानेछ । स्तरीय स्वास्थ्यकर्मीको उत्पादन र सही परिचालन, अस्पताल र स्वास्थ्य केन्द्रको स्तरोन्नति एवं औषधिलगायतका स्वास्थ्य सामग्रीको समयबद्ध उपलब्धताबाट मात्र स्वास्थ्य सेवाको गुणस्तर वृद्धि हुन सक्दछ भन्नेमा सरकार दृढ छ । सामुदायिक र सरकारी अस्पतालको सेवाको गुणस्तर वृद्धि गर्दै निजी अस्पतालबाट प्रदान गरिने सेवाको नियमनलाई दह्रो बनाउनुपर्नेछ। हरेक नागरिकले सरल, सुलभ र सहज स्वास्थ्य सेवा प्राप्त गर्न स्वास्थ्य बिमालाई प्रभावकारी बनाउनुपर्दछ।

३५) परम्परागत रूपमा शय्याका आधारमा स्वास्थ्य संस्थाको स्तर निर्धारण गर्ने पद्धतिमा परिवर्तन गरी तिनले प्रदान गर्ने सेवालाई आधार बनाउनु उपयुक्त हुन्छ भन्ने मेरो बुझाइ हो । स्वास्थ्य सेवाको गुणस्तर र सेवाशुल्कका साथै स्वास्थ्य संस्थाको पूर्वाधारको न्यूनतम मापदण्ड तोकी नियमनमा कडाइ गर्नुपर्दछ । स्वास्थ्य सेवाप्राप्तिको प्रत्याभूतिलाई सामाजिक संरक्षणको अङ्गको रूपमा हेर्न सकेमा मात्र नागरिकप्रतिको राज्यको दायित्व पूरा भएको मान्न सकिन्छ । आवश्यक पूर्वाधार निर्माण, जनशक्तिको क्षमता विकास र स्वास्थ्य सामग्री निरन्तर उपलब्ध हुने सुनिश्चित गरी महामारी, विपद् र अन्य त्यस्तै असामान्य परिस्थितिमा स्वस्फूर्त ढङ्गले स्वचालित रूपमा स्वास्थ्य क्षेत्र चलायमान हुने प्रणाली विकास गर्न अब ढिलो गर्नुहुँदैन । स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाको सुरक्षाको यथोचित प्रबन्ध गर्नुपर्ने देखिएको छ । हालका दिनहरूमा बढ्दै गएको नसर्ने रोगको रोकथामका लागि प्रतिरोधात्मक कार्यक्रम लागु गरिहाल्नुपर्दछ । नागरिक स्वास्थ्यको सोझो सम्बन्ध नागरिकले उपभोग गर्ने खाद्यवस्तु र तिनबाट प्राप्त हुने पोषणतत्वसँग हुन्छ। तसर्थ पोषणयुक्त खाद्यवस्तु र औषधिमूलोको मापदण्डको नियमित अनुगमन र नियमन गर्ने प्रणालीको विकास गर्न सरकारले ध्यान पुऱ्याउनेछ भन्ने मेरो अपेक्षा छ।

महिला, बालबालिका, युवा, ज्येष्ठ नागरिक

३६) महिला अधिकार र विकासमा नेपालले गरेका प्रयास र हासिल गरेका उपलब्धि कम छैनन् । लैङ्गिक बजेट प्रणाली अवलम्बन, समष्टिगत आर्थिक संरचनाको लैङ्गिकीकरण, लैङ्गिक हिंसाको न्यूनीकरण, राज्यका हरेक क्षेत्रमा महिला प्रतिनिधित्वको सुनिश्चितता एवं महिला शिक्षा तथा स्वास्थ्यमा भएको विकास सन्तोषजनक नै छन् । तथापि यसबाट परेको वास्तविक प्रभाव भने मूल्याङ्कन गरिनुपर्दछ।

रासस

## सवा कट्ठ पौने........................................

तपाईँले एकाएक भन्नुभयो (प्रधानमन्त्रीज्यू होइन होला । प्रधानमन्त्रीज्यूले किन पो थपडी बजाउनुहुन्थ्यो ?'एकाएक मैले भने ('साच्चै प्रधानमन्त्री हो। नाङ्गै हुनुहुन्छ। फेड प्लान्ट समाएर बसीरहनु भएको छ। फेड प्लान्टले उहाँको कछाड पनि समाईराखेको छ। फेड प्लान्टले आफ्नो गुप्तांग ढाकीरहनु भएको छ। र थपडी बजाउदै रहनुभएको छ। थपथप थपाथप।'

**अन्त्येष्टि**

तपाईँको केही काम बचेका छन ? केही काम सकीहाल्नुपर्नेछ ? गरिसिध्याउनुहोस। प्रधानमन्त्रीज्यू र राष्ट्प्रतिज्यूको तपाईँहरूलाई पनि यसैगरी फोन आउनेछ। यसैगरी नम्बर हाइज्याक गरेर कल आउनेछ। स्वर बदलेर फोन आउनेछ। साथी र प्रेमिकाज्यू बनेर फोन आउनेछ।

एकएक यसैगरि यीयस्ता एइरेगइरे काम सुम्पिइनेछ। तर यो कुरा कसैले नबताउनु पर्नेछ। तर यो सब चुपचाप हुनेछ। जसरी प्रधानमन्त्रीज्यूले विधेयक ल्याउनुहुनेछ। राष्ट्रपतिज्यूले लालछाप हान्नुहुनेछ। सोहीप्रकार यो काम पनि एकाएक हुनेछ। एकाबिहानै हुनेछ। चुपचाप हुनेछ। छुपछाप हुनेछ।

तपाईँलाई पनि कुनै कल आउनेछ । कुनै काम दिइनेछ। काममा लगाईनेछ। काममा खटाइनेछ। नमाने अर्को विधेयक ल्याइनेछ। तपाईँको कछाड थुतिनेछ । तपाईँमाथि मुतिनेछ । अर्को विधेयक ल्याइनेछ। तपाईलाई नांगै बनाइनेछ।

तपाईँको केही काम बचेका छन ? केही काम सकीहाल्नपर्ने छ ? गरिसिध्याउनुहोस । सिध्याइहाल्नुहोस। अस्तु

(साभार : शब्दसोपान डट कम)

## पिपराको पशुपतिनाथमा ..............................

जाननसक्ने भक्तजनहरु पिपरामा रहेको पशुपती मन्दिरमा पुगेर पुजा अर्चना गर्न सक्नेछन् । वीरगंजलाई धार्मिक पर्यटकीय गन्तव्यको केन्द्र बनाउने गरी वीरगञ्ज महानगरपालिकाले काम गरिरहेको महानगरका मेयर राजेशमान सिंहले बताए। महानगरले माइस्थान मन्दिर क्षेत्रलाई यस अघि नै सौन्दर्यीकरण गर्न सुरु गरिसकेको छ। माइस्थान क्षेत्रमा बाँकी रहेको लाइटिङ र गार्डेनिङको काम चाँडै सम्पन्न गर्ने गरी काम भइरहेको नगर प्रमुख सिंहले जानकारी दिए।



फेब्रुअरी ३, २०२३ मा खिचिएको यो हवाई तस्बिरले दक्षिणपश्चिम चीनको गुइझोउ प्रान्तमा रहेको जिनफेङ बुजियाङ नदीको पुल देखाउँछ। गुइझोउमा विश्वका १०० अग्लो पुलमध्ये झण्डै आधा छन् । ठूलो संख्यामा पुलहरू, तिनीहरूका प्रकारहरू र पुलहरूको निर्माणमा प्रयोग गरिएका जटिल प्रविधिहरूका कारण, यो प्रान्त "विश्व पुलहरूको संग्रहालय" भनेर चिनिन्छ ।
(सिन्हुआ/ओउ डोङ्क)

# भलिबल प्रतियोगितामा मनकामना र श्रीस्टार यूवा कल्ब विजयी

आरके श्रीवास्तव

गरुडा, २७ माघ । रौतहट जिल्लाको गुजरा नगरपालिका वडा नम्बर ९ मा जारी भलिबल प्रतियोगितामा मनकामना र श्रीस्टार यूवा कल्ब विजयी भएको छ।



शुक्रवार सो भलिबल प्रतियोगीतामा चार वटा खेलहरु भएको थियो । पहिलो चरणमा मनकामना यूवा कल्ब ए गुजरा ९ दयालपुर र भाग्य विधाता यूवा कल्ब अमतवा गुजरा ९ बिच नै प्रतिस्पर्धा भएको थियो। पहिलो चरणको खेलमा लगातार ३ सेटले मनकामना ए बिजयी भएको हो । खेलमा विजयी टिमका मैन अफ दि मैच नविन पौडेल भएका थिए।

यस्तै दोस्रो चरणको खेल मनकामना यूवा कल्ब बि र श्री स्टार यूवा कल्ब हरिनगर मैढा बिच प्रतिस्पर्धा भएको थियो । जसमा एक सेट विरुद्ध ३ सेटले श्री स्टार कल्ब विजयी भएको हो । विजयी टिमका निशान चौधरी मैन अफ दि मैच घोषित भएका छन् । दुबै मैन अफ दि मैच खेलाडीहरु क्रमशः पौडेल र चौधरीलाइ गुजरा नगरपालिका वडा नम्बर ९ का वडा अध्यक्ष प्रेम चौधरीले पुरस्कार स्वरुप कप र सम्मानपत्र हस्तान्तरण गरेका थिए।


सो नगरपालिकाको वडा नम्बर ९ दयालपुर स्थित रहेको श्री जनसेवा प्राथमिक बिधालयको खेल मैदानमा भलिबल प्रतियोगिता जारी रहेको छ।

श्री मनकामना युवा कल्ब गुजरा ९ दयालपुरको आयोजन प्रतियोगिता चलिरहेको छ। प्रतियोगितामा १२ वटा टिम सहभागी छन्।

# "उचित" वातावरण नभएको भन्दै चीनद्वारा अमेरिकी फोन अस्वीकार

बेइजिङ, २७ माघ

चीनको रक्षा मन्त्रालयले कथित चिनियाँ जासूस बेलुनलाई गोली हानेपछि अमेरिकाले वार्ता र आदानप्रदानका लागि 'उचित वातावरण सिर्जना नगरेको' भन्दै अमेरिकी रक्षा सचिव लोयड अस्टिनको फोनलाई अस्वीकार गरेको छ।



मन्त्रालयका प्रवक्ता तान केफेईले बिहीबार ढिलो जारी गरेको विज्ञप्तिमा अमेरिकी कारबाहीले 'गम्भीर रूपमा अन्तर्राष्ट्रिय मान्यताहरूको उल्लङ्घन गरेको र विनाशकारी उदाहरण स्थापित गरेको' बताउनुभयो ।

अमेरिकाको यो गैरजिम्मेवारपूर्ण र गम्भीर गलत दृष्टिकोणले दुई सेनाबीच वार्ता र आदानप्रदानका लागि उपयुक्त वातावरण सिर्जना नगरेको कुरालाई ध्यानमा राख्दै चीनले दुई रक्षा मन्त्रीबीचको फोन कलका लागि अमेरिकी प्रस्तावलाई अस्वीकार गर्यो,तानले भन्नुभयो।

उहाँले भन्नुभयो, चीनसँग उस्तै परिस्थितिसँग सामना गर्न आवश्यक पर्ने कुनै पनि माध्यम प्रयोग गर्ने अधिकार सुरक्षित छ। चीनले उक्त वस्तु बाटोमा उडाएको नागरिक मौसमी बेलुन भएको दाबी गरेको छ । तर त्यो कसको हो वा अन्य विवरणहरू प्रदान गरेको छैन।

सुरुमा घटनामा 'खेद' व्यक्त गरेपछि, चीनको बयान हालका दिनहरूमा कडा भएको छ किनकी एफबीआईले साउथ क्यारोलिनाको तटमा रहेको अमेरिकी क्षेत्रीय पानीमा डाउनिङको साइटबाट भग्नावशेष सङ्कलन गर्दा र परीक्षणको लागि भर्जिनियाको क्वान्टीकोमा रहेको एफबीआईको प्रयोगशालामा पठाउने छ।

बेइजिङले अमेरिकाले यसलाई गोली हानेर 'अधिक प्रतिक्रिया' दिएको बताएको छ। विदेश मन्त्रालयले उक्त कार्यलाई 'गैरजिम्मेवार' भनेको छ र अमेरिकाको दावीलाई 'चीन विरुद्ध अमेरिकी पक्षको सूचना युद्धको एक हिस्सा' भनेर जासुसी गरेको बताएको छ।

पेन्टागनका अनुसार अस्टिनले शनिबार आफ्ना चिनियाँ समकक्षी वेई फेन्घेसँग बेलुन मुद्दामा छलफल गर्न खोजेको तर त्यसलाई अस्वीकार गरियो।

घटनापछि अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले यस हप्ता बेइजिङको नियोजित भ्रमण रद्द गर्नुभएको छ । पछिल्लो दशमा दुई मुलुकबीचको सम्बन्ध सबैभन्दा तल्लो स्तरमा झरेका बेला विदेशमन्त्रीको भ्रमणले द्विपक्षीय सम्बन्धलाई स्थिर बनाउन सहयोग पुर्याउने अपेक्षा केहीले गरेका थिए । (एपी)

# टर्की भूकम्पः एक्काइस हजारको मृत्यु

इस्तानबुल, २७ माघ

टर्कीएको पूर्वी भाग र छिमेकी सिरियामा सोमबार भएको भूकम्पमा परी हालसम्म २१ हजार जनाको मृत्यु भएको छ भने दर्शौं हजार घाइते भएका छन् ।

टर्कीएको विपद् व्यवस्थापन निकायले अन्तरराष्टिय सहायताका निम्ति अपील गरेको छ। अन्तरराष्टिय रेडक्रस र रेड क्रिसेन्ट सोसाइटीले तत्काल आफ्नो आपत्कालीन कोषबाट तत्काल नगद सहायता परिचान गर्ने बताएको छ । सिरिया र टर्कीएका भूकम्प पीडितको सहयोगका लागि उक्त रकम निकासा गरिने सोसाइटीले जनाएको छ।

संयुक्त राष्ट्रसङ्घीय सहायता निकाएका छ वटा विशाल वाहन राहत सामग्री लिएर टर्कीएको सिमाना पार गरेर सिरिया पुगेका छन् । यो सहायता सिरियाका लागि पहिलो अन्तरराष्टिय सहयोग हो ।



टर्कीका केही प्रभावित क्षेत्रमा पानी, इन्धन र बिजुली नहुँदा अझ धेरैको ज्यान जानसक्ने चिन्ता विश्व स्वास्थ्य संगठनले व्यक्त गरेको छ।

प्रतिकूल मौसमका कारण खोज तथा उद्धारमा अवरोध भएको छ । यद्यपि उद्धारकर्मीहरू भग्नावशेषमा पुरिएकाहरूको खोजीमा जुटेका छन् । बेलायतलगायत देशले टर्कीए र सिरियाका भूकम्पपीडितका लागि आर्थिक सहायता तथा राहत सामग्रीका निम्ति सर्वसाधारण एवम् परोपकारी संस्थासँग आग्रह गरेका छन् ।

अमेरिकाले पनि सिरियामाथिको प्रतिबन्धले मानवीय सहायतामा अवरोध नहुने जनाउँदै सहायोगको घोषणा गरेको छ । अर्थमन्त्रालयले मानवीय सहायताका कार्यमा प्रतिबन्ध लागू नहुने बताएको छ । (रासस/ एपी)

## राजर्षि जनक कप

# सडन डेथमा नव जनजागृति सिमरा विजयी



घनश्याम बलम्पाकी

सर्लाही,२७ माघ । सडन डेथामा भाग्यमानी सावित हुदै नव जनजागृति यूवा क्लव सिमरा जारी सातौं राजर्षि जनक कप फुटवल प्रतियोगिताको अन्तिम आठमा प्रवेश गरेको छ । बिहिवार बागमती नगरपालिका-११, स्थित स्वर्गिय सन्तोष श्रेष्ठ स्मृती खेलमैदानमा सम्पन्न खेलमा सडन डेथमा नेपाल पुलिस क्लवलाई ६-५ गोल अन्तरले पराजित गर्दै नव जनजागृति यूवा क्लव प्रतियोगिताको अन्तिम आठमा प्रवेश गरेको हो । निर्धारित ९० मिनेट र थप २० मिनेटको समयमा समेत गोल रहित बराबरी भएपछि खेल ट्राईब्रेकरमा धकेलीएको थियो ।

ट्राईब्रेकरमा समेत ५-५ को बराबरी भएपछि खेलको निर्णय सडन डेथबाट निकालिएको हो । सडन डेथमा नेपाल पुलिसका जर्सि नम्बर ३२ अजित भण्डारी अभागि सावित भए । उनूले प्रहार गरेको पेनाल्टि सुट नव जनजागृती यूवा क्लवका गोल रक्षक रोहन मगरले सजिलै रोकेका थिए । त्यस पछि नवजनजागृती यूवा क्लवका जर्सि नम्बर ७का अस्मित चौधरीले प्रहार गरेको पेनाल्टी गोलमा परिणत भयो ।

उनूको प्रहार नेपाल पुलिसका गोल रक्षक संजित श्रेष्ठको हातमा छुदै बाहिरिएको थियो । यहि गोल सिमराका लागि निर्णयक गो सावित भए ।

सडन डेथमा टिमका लागि नायक सावित भएका नवजनजगृती यूवा क्लवका गोल रक्षक रोहन मगर म्यान अफ दि म्याच घोषित भए । उनले नगद १० हजार नगद पुरस्कार पाए। भोली शुक्रवार आयोजक बागमती युवा क्लव बागमती र धरान फुटवल क्लव धरान बीच भिडन्त हुनेछ ।

बागमाती नगरपालिका-११ कर्मैयास्थित स्वर्गीय सन्तोष श्रेष्ठ स्मृती खेल मैदानमा जारी प्रतियोगितामा एक विदेशी क्लब सहित १२ वटा टिम सहभागि प्रतियोगिताका विजेताले नगद १० लाख सहित प्रथम उपाधी प्राप्त गर्नेछ भने उपविजेताले ५ लाख रुपैंया प्राप्त गर्नेछ 'मधेश प्रदेशको शान, राजा जनक प्रतिको सम्मान' भन्ने नारा सहित सूरु भएको प्रतियोगिताको आगामी फागुन ७ गते फाईनल खेल हुने आयोजक बागमती क्लबका अध्यक्ष मैनालीले जानकारी दिए ।

# माबि ब्रह्मपुरीमा सदनस्तरीय प्रतियोगिता सुरू

आरके श्रीवास्तव

गरुडा, २७ माघ । रौतहट जिल्लाको दक्षिणी भेग राजदेवी नगरपालिका वडा नम्बर ९ स्थित रहेको श्री माध्यमिक विद्यालय ब्रह्मपुरीमा शुक्रवारदेखि छात्राछात्रतर्फ सदनस्तरीय प्रतियोगिता सुरू भएको छ । विधालयको शिक्षक रामविश्वास मुखियाका अनुसार विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा प्रतिस्पर्धात्मक क्षमताको विकास गर्ने उद्देश्यले यो विद्यालयमा कबड्डी,हाजिरीजवाफ र शब्द निर्माण प्रतियोगिता सुरू गरिएको छ।

विधालयको प्रधानाध्यापक दिपेन्द्र श्रीवास्तव र उहाँको श्रीमती सरिता देवीको सहयोगमा गरिएको क्रिएटिभ कम्पीटिसनमा विद्यार्थीहरूको शैक्षिक विकासमा हाम्रो सहभागीता नारा सहित सो कार्यक्रम सुरू गरिएको हो। विद्यार्थीहरूको पढाइमा कुनै किसिमको बाधा नपर्ने गरि अतिरिक्त समयमा गरिने सो प्रतियोगिताले विद्यार्थीमा थोरै मात्रामा भएपनि प्रतिस्पर्धात्मक भावनाको विकास गर्ने सो विद्यालयको सूचना अधिकारी शिक्षक राम विश्वास मुखियाले जानकारी दिए।

प्रतियोगितामा विद्यालयमा गठित मधेस , बाग्मती,गण्डकी,लुम्बिनी,कर्णाली र सुदुरपश्चिम सदनका सहभागिता रहेको छ । प्रतियोगिताको उद्घाटन कार्यक्रममा शिक्षा मन्त्रालयको पूर्वसहसचिव सुशील पाण्डेले यस्ता कार्यक्रमले विद्यार्थीको शैक्षिक,शारीरिक र मानसिक विकाससँगै चौतर्फी विकासमा महत्तवपूर्ण भूमिका निर्वाह गर्ने बताउँदै श्रीवास्तव दम्पतीले गर्नुभएको सहयोगको सराहना गरे । प्रतियोगितामा सफल हुने समूह र विद्यार्थीहरूलाई कप,मेडल र प्रमाणपत्र दिइने रेफ्री नन्दकिशोर पंडितले बताए।

प्रतियोगिता अन्तर्गत आज भएको खेलमा छात्रतर्फ लुम्बिनी प्रदेश र छात्रातर्फ गण्डकी प्रदेश जित निकालेको छ।



# ११ वटा छोटी भन्सार कार्यालय संचालनको तयारी



मधेशदृष्टि
वीरगंज, २७ माघ ।
मुलुकको प्रमुख नाका वीरगंज भन्सार कार्यालय मातहत रहेका वारा तथा पर्साका ११ वटा छोटी भन्सार कार्यालय संचालनको तयारी भई रहेको छ ।
माओवादी द्वन्द, मधेश आन्दोलनसँगै कोरोना महामारीका कारण वीरगन्ज भन्सार कार्यालय मातहत रहेका छोटी भन्सार कार्यालय बन्द हुँदा विशेष गरी ग्रामिण क्षेत्रका स्थानिय वासिन्दा तथा व्यवसायीहरु प्रभावित भएका छन । बाराको सिम्रौनगढ छोटी भन्सार कार्यालयमा संचालनको माग गर्दै स्थानिय वासिन्दा अनिश्चितकालिन रुपमा सिम्रौनगढ बजार बन्द गरी आन्दोलनमा उत्रिएपछि वीरगन्ज भन्सार कार्यालयले नायब सुब्बाको नेतृत्वमा कर्मचारी पठाएर संचालनको तयारी गरि रहेको छ ।
वारा ,पर्साका भारतीय सिमासँग जोडिएका छोटी भन्सार नाकाका बजारहरू अहिले ठूलो बजारको रूपमा परिणत भइसकेका छन । त्यहाँबाट दैनिक भारतीय बजारमा गई किनमेल गरेर फर्किने नेपालीको संख्या उल्लेख्य हुने गरेको छ । सीमामा रहेका भन्सार कार्यालय संचालन नहुँदा सरकारले दैनिक ठूलो परिमाणमा राजस्व गुमाउदै आएको छ । सीमाका नेपाली बजारका व्यापारीहरूले आफ्नो पसलका लागि पनि भारतीय बजारबाट मालसामान खरिद गरेर ल्याउने गरेका छन ।
भन्सार कार्यालय नहुँदा उनीहरूले राजस्व तिरेर ल्याउन चाहे पनि तिर्न नपाउने गरेको गुनासो गरेका छन । पर्साको छोटी नाका मध्ये सबैभन्दा बढी चलती अवस्थामा रहेको ठोरीस्थित छोटी भन्सार कार्यालयको भवन करिब २ वर्ष अगाडी निर्माण गरी तयारी अवस्थामा रहेको भए पनि वीरगंज भन्सार कार्यालयले कर्मचारी नखटाउदा समस्या भएको स्थानिय व्यवसायीहरुले बताएका छन । चितवन, गोरखा, तनहुका समेत सर्वसाधारणहरु ठोरी नाकाबाट दैनिक उपभोग्य सामान खरिद गर्न पुग्ने गरेको र सो नाकामा भन्सार कर्मचारी नबस्दा बार्षिक करोडौ रुपैया राजस्व चुहावट भई रहेको ठोरी गाउँपालिकाका अध्यक्ष लाल बहादुर श्रेष्ठले बताए ।
यता वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी दिल्ली सुवेदीले कोरोना संक्रमण पछि सञ्चालन हुन नसकेका छोटी भन्सार कार्यालय सञ्चालन गर्ने तयारी भइरहेको बताउदै भन्सार विभागले पनि छोटी भन्सार पुनः संचालनका लागि आदेश दिएको हुँदा आफूहरु केहि दिन भित्रै छोटी भन्सार कार्यालय पुनः सञ्चालनको तयारीमा जुटेको जानकारी दिए ।

# आकस्मिक र प्रसुती सेवा सहित अस्पताल सेवा शुरु

शारदा पोखरेल
बारा,२७ माघ । जितपुरसीमरा उपमहानगरले २४ घन्टा आकस्मिक र प्रसुती सेवा सहित अस्पतालको सेवा शुरु गरेको छ । उपमहानगरको वडा नं २ स्थित प्राथमिक स्वास्थ्य केन्द्रलाई नै स्तरउन्नती गर्दै बुधवारदेखि अस्पतालको सेवा शुरु गरेको हो ।
उपमहानगर स्वास्थ्य महाशाखा प्रमुख रवि भाष्करले जनतालाई अनुभुति हुने गरी दक्ष जनशक्ती सहित सेवा प्रवाह गर्ने बताए । 'हिजोसम्म डाक्टरको उपलब्धता थिदै थिएन, अव २४ सै घन्टा डाक्टरको उपलब्ध हुन्छन्, यहाँ आएपछि तत्काल उपचार नपाएर बिरामीले ज्यान गुमाउनु पर्दैन' स्वास्थ्य महाशाखा प्रमुख भाष्करले भने 'हामीले ठुलो र सुविधा सम्पन्न अस्पताल पुर्याउनु अघि बिरामीको जिवन बचाउने किसिमको सबै कामहरु गर्न सक्छौ' अस्पताललले यसअघि बिहान १० बजेदेखि १ बजेसम्म मात्रै सञ्चालन गर्दै आएको बहिरंग (ओपिडी) सेवालाई बुधवारदेखि ५ बजेसम्म सञ्चालनमा ल्याईएको छ ।
तत्कालका लागि शल्यक्रिया बाहेकको प्रसुती सेवा उपलब्ध गराउने अस्पताल प्रशासनले जनाएको छ । आवश्यक स्रोत साधनको उपलब्धता पछि शल्यक्रिया सहितको सेवा प्रवाह गर्ने जितपुरसीमरा उपमहानगरका नगरप्रमुख राजन पौडेलले जनाएका छन् ।
'तत्कालका लागि डाक्टर, नर्स लगायतका स्वास्थ्यकर्मीहरुलाई आन्तरिक श्रोतबाट नै व्यवस्थापन गर्नेगरी अस्पतालको शुरुवात गरिएको छ' नगरप्रमुख पौडेलले भने 'यो अस्पताल शुरुवातमा १५ शैया सम्मको सञ्चालन गर्छौ र निकट भविष्यमा आइसीयू बेड सञ्चालन गर्ने, हेमोडाइलासिस मेसिन ल्याएर सेवा शुरुवात गर्ने हाम्रो तयारी छ'
स्थानिय तह सरकार सञ्चालन ऐनले उपमहानगरको मापदण्ड भित्र १५ शैयाको अस्पताल अनिवार्य हुनुपर्ने व्यवस्था गरेको छ । तर बितेको ५ वर्षमा उपमहानगरले एउटै अस्पताल सञ्चालन गर्न सकेन भने संघीय सरकारको सहयोगमा १५ वटा वडाहरुमा निमार्ण भएका आधार भुत स्वास्थ्य चौकीहरु पनि अलपत्र अवस्थामा रहेका थिए ।



पछिल्लो समय नगरप्रमुख पौडेलको पहलमा अधिकाशं स्वास्थ्य चौकीहरु आवश्यक जनशक्ती सहित सञ्चालनमा आएका छन् भने उपमहानगरले करिव २० करोड (संघीय सरकारको बजेट) लगानीमा ४ तले आफ्नै अस्पताल भवन निमार्ण शुरु गरेको छ । स्थानिय तह सरकार सञ्चालन ऐनले आफ्नो पालिका भित्र २५ शैश्यासम्मको अस्पताल सञ्चालन गर्न निजी क्षेत्रलाई अनुमती दिनसक्ने व्यवस्था गरेको छ । नगरप्रमुख पौडेलले अगामी दिनमा उपमहानगर भित्र सञ्चालनमा रहेका निजी स्वास्थ्य संस्थाहरुमो अनुगमन तथा नियमन शुरु गर्ने जनाएका छन् । पछिल्लो समय निजी अस्पतालहरुले स्वास्थ्य बिमा कार्यक्रम बन्द गरेपछि सुस्त रहेको स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिई प्रभावकारितामा ध्यान दिने र अस्पतालमा फार्मेसी स्थापना गर्ने योजना रहेको नगरप्रमुख पौडेलले जनाएका छन् ।

# सुविधा सम्पन्न आधुनिक पार्किङ्ग स्थलको शिलान्यास

मधेशदृष्टि
जनकपुरधाम, २७ माघ । जनकपुरधामउपमहानगरपालिकाले जनकपुरधाममा ट्राफिक व्यवस्थापनका लागि आधुनिक पार्किङ्ग स्थलको निर्माण अगाडि बढाएको छ । जनकपुरधाम उपमहानगरपालिकाद्वारा वडा नं ८ दशरथ मन्दिर नजिक रहेको करिब १२ कठठा जग्गा लिजमा लिएर सोही जग्गामा पार्किङ्ग स्थलको निर्माण कार्यको शुक्रवार शुभारम्भ गरिएको छ । नगरप्रमुख मनोज कुमार साह र उपप्रमुख किशोरी साहले संयुक्त रुपमा पार्किङ्ग स्थलको शिलान्यास गरेका हुन् । ६० लाखको लागतमा निर्माण हुने पार्किङ्ग स्थल निर्माण भएपछि नगरक्षेत्रमा जथाभाबी रुपमा हुने पार्किंग नियन्त्रण भएर सडक तथा ट्राफिक व्यवस्थापनमा ठूलो मद्दत पुग्ने विश्वास जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोज कुमार साहको रहेको छ । उपमहानगरपालिकामा विद्यमान ट्राफिक समस्या समाधानका लागि उपमहानगरपालिकाद्वारा पार्किङ्ग स्थलको निर्माण हुन लागेको जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साहले बताएका छन ।
अव्यवस्थित रुपमा सवारीसाधन पार्किङ्गका कारण नगर क्षेत्र अस्तव्यस्त बनेको समय पार्किङ्ग स्थलको निर्माण भएपछि ट्राफिक व्यवस्थापनको समस्या समाधान हुने भएको छ । नगर क्षेत्रका मूख्य सडकदेखि मुख्य बजार क्षेत्रका सडकहरुमा अव्यवस्थित सवारीसाधन पार्किङ्ग गर्ने प्रचलनका कारण नगर क्षेत्र नै कुरुप देखिन थालेको छ । उपमहानगरपालिकाले सडक पेटीमा पसल थापेर व्यापार गर्दै आएका साना व्यापारीहरुको पसल हटाएपनि सडकपेटी र सडक छेउ अहिले सवारीसाधन पार्किङ्ग स्थल बनेको देखिन्छ । ट्राफिक व्यबस्थापनका लागि उपमहानगरपालिका , नेपाल प्रहरी र ट्राफिक प्रहरीले संयुक्त काम गदै आएको छ तर पनि पार्किङ्ग निषेधित क्षेत्रमा समेत आफ्ना सवारी निर्वाध रुपमा पार्किङ्ग गरेको पाइन्छ । विशेष गरी अस्पताल क्षेत्र र मुख्य बजार क्षेत्रमा अव्यवस्थित सवारीसाधन पार्किङ्ग गरिदै आएको देखिन्छ ।



# अन्तत:निहारिका र शिवराजले गरे विवाह



मधेशदृष्टि
जनकपुरधाम, २७ माघ । कुमारी आमा भनेर चिनिले निहारिका राजपूत र शिवराज श्रेष्ठले विवाह गरेका छन् । उनीहरूले शुक्रबार जानकी मन्दिरमा विवाह गरेका हुन् । शिवराज र निहारिकाले जिल्ला अदालत धनुषामा विवाह दर्तासमेत गराइसकेका छन् ।
आफूमाथि बलात्कार भएको तर जिल्ला अदालतले सफाइ दिएको भनेर निहारिका उच्च अदालतमा पुनरावेदनको मुद्दा लडिरहेकी थिइन् ।
तर, गत १६ माघमा उनले धनुषा जिल्ला अदालतमा शिवराजसँग आफू मिलेर बस्ने भन्दै मिलापत्र गरेकी थिइन् । आफूलाई कुमारी आमा भनेर चिनाउने राजपूतले सुरुमा धनुषा जिल्ला अदालतमा शिवराजविरुद्ध बलात्कारको जाहेरी दिएकी थिइन् ।तर, जिल्ला अदालतले शिवराज र निहारिकाबीच प्रेमसम्बन्ध रहेको तथा सम्बन्धमा समयमा भएपछि शारीरिक सम्बन्धलाई जबरजस्ती करणी भनी मान्न नमिल्ने भन्दै शिवराजलाई सफाइ दिएको थियो । धनुषा जिल्ला अदालतले शिवराजलाई बलात्कारको कसुरमा सफाइ दिएपछि निहारिकाले उच्च अदालत जनकपुरमा पुनरावेदनको मुद्दा दर्ता गराएकी थिइन् । सोही समयमा उनले आन्दोलनसमेत गरेर बलात्कारीलाई सजाय दिन माग गरेकी थिइन् । तर, गत माघ १५ गते निहारिकाले धनुषा जिल्ला अदालतमा शिवराजविरुद्ध अंश दाबी गर्दै मुद्दा दर्ता गराएकी थिइन् ।

# भगवान रामको मुर्ति बन्ने बाटो खुल्यो

मिश्रीलाल मधुकर
जनकपुरधाम, २७ माघ ।
अयोध्याको आचार्य पीठ तपस्वी छावनीका पीठाधिश्वर जगतगुरु परम हंस आचार्यले नेपालबाट आएको शिलाशालिग्राम शिला नभएर देवशिला भएको बताएका छन । अर्चायको अभिव्यक्तिपछि भगवान राम र भगवती सीताको मुति बन्ने बाटो खुलेको छ ।
आर्चायले संचारकर्मीहरुसंग कुराकानी गर्दै भने देबशिलाबाट राम र सीताको मूर्ति बनाउन सकिने बताए । उनले शालिग्राम वास्तवमा विष्णु को रुप हो, यसमा हथौडा र छेनी प्रयोग गर्नु ठूलो पाप हो । यसले ठूलो हानि पुग्याउन सक्छ ।
त्यही भएर आफुले विरोध गरेंको थिए तर जबदेखि शालिग्रामको भनाइ आएको थियो, बजरंगबलीले बिहान तीन बजे सपनामा नेपालबाट आएका शिलाशालिग्राम होइन, देव शीला हुन् भनी दर्शन दिइरहेका छन् ।



तर मैले ध्यान दिएन ।
बिहीबार बिहान मेरो कोठामा एक अलौकिक संत देखा पर्नुभयो। मैले त्यो सन्तलाई पुजें ।
उनले आफू सूर्यवंशको कुल गुरु बशिष्ठ हुँ भनी परिचय दिए । " शालिग्राम शिला होइन, देवशिला हो। यसबाट भगवान श्रीरामको मूर्ति बनाउन सकिन्छ । तपाईंले यसलाई बाधा नदिनुहोस्। यसबारे सबै सन्तहरूलाई भन्नुहोस यो शालिग्राम होइन, देवशीला हो। त्यसैले मैले तुरुन्तै श्री रामजन्मभूमि तीर्थ क्षेत्र ट्रस्टले मूर्ति बनाउनु पर्ने भनाइ दिएँ । यसका लागि सबैले सहयोग गर्नुपर्ने उनले बताए ।







मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल